सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.द्वारा प्रकाशित

# छिमेकी

बैशाख २०८३

समुदायमा आधारित बचत तथा ऋण सहकारी अभियानप्रति समर्पित

## ज्येष्ठ सदस्य सम्मानित




१४ चैत्र भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. चोर्चा भक्तपुरको आयोजनामा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाको सभापतित्वमा तथा वरिष्ठ राजनीतिज्ञ एवं नेमकिपाका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेंको प्रमुख आतिथ्यमा ज्येष्ठ सदस्य सम्मान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा अध्यक्ष बिजुक्छेंले संस्थामा आवद्ध १०० जना ज्येष्ठ सदस्यहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि नारायणमान बिजुक्छेंले भाषा राम्ररी नजान्नाले विभिन्न समस्यामा परेको उदाहरण दिदै सोही कारणले गर्दा आएका अवसरहरू गुम्ने उल्लेख गर्नुहुँदै सहकारी संस्थाहरूबाट भाषा सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू आयोजना गर्दै जान सुझाव दिनुभयो । उहाँले ज्येष्ठ नागरिकहरूलाई जेरी स्वारी खुवाई नागरिकता लिन भनी दुई चार सही गराउँदा खेत जग्गा नै बिक्री भएको घटना सुनाउँदै कुनै पनि कागजातमा सही गर्नु पूर्व घर परिवार र छरछिमेकीहरूसंग सल्लाह गर्नुपर्ने बताउनुभयो । उहाँले अरूको सेवा गरे मात्र आफुले पनि सेवा पाउने बताउँदै भक्तपुर नगरपालिका स्वास्थ्य, शैक्षिक र सांस्कृतिक रूपमा सुविधा सम्पन्न स्वर्ग जस्तै भएता पनि स्थानियहरूले ती सुविधाहरूको सहि मुल्याङ्कन गर्न नसकेको विचार व्यक्त गर्नुभयो ।

उहाँले सहकारी संस्थाहरूबाट सदस्यहरूलाई भ्रमण लैजान पूर्व भ्रमण स्थलको बारेमा विस्तृत जानकारी गराएमा सो स्थलको स्मरण रहनेमा जोड दिनुभयो । साथै सहकारी संस्थाबाट नियमित शैक्षिक चेतना प्रदान गर्ने कक्षा सुरू गर्नुपर्ने बताउनुभयो ।

आजकल संयुक्त परिवारको कमी नै देखिन्छ । प्रायः जसो परिवारहरूमा बच्चाहरू हेर्नेका लागि समय नै नभएको स्कुल पठाउन र लिन पनि समय व्यवस्थापन गर्न कठिन भएकोले इच्छा भएर पनि बच्चा जन्माउन नचाहने प्रवृति बढि रहेको छ जुन परिवारको लागि मात्र नभई समाज र देशकै समस्या हुनेबारे जोड दिनुभयो । सो समस्याको बारेमा चर्चा गरी समाधानका लागि सहकारी लाग्नु पर्ने बताउनु भयो । साथै उहाँले ज्येष्ठ नागरिक बस्ने ठाउँ बनाउन विभिन्न प्रकृतिका कार्य गर्न कर्मचारीहरू आवश्यकता पर्ने र अन्य विभिन्न व्यवस्था गर्नु पर्ने भएकोले ती स्थान व्यवस्था गर्न कठिन हुने बताउँदै ती स्थानहरूमा बस्ने ज्येष्ठ नागरिकहरू आफ्नो परिवारको सम्झनाका कारणले गर्दा भित्री मनबाट खुशी बन्न नसकेको भन्नुभयो । साथै ज्येष्ठ नागरिकहरूलाई खुशी गर्न विदेशीएका सन्तानहरूले पैसा मात्र पठाएर नहुने उहाँहरूलाई आफ्नै नाता गोता, छरछिमेकका ज्येष्ठ नागरिकहरू बिच नै बस्ने व्यवस्था मिलाए मात्र ज्येष्ठ नागरिकहरू मनैबाट खुशी बन्ने बताउनु भयो ।




कार्यक्रमका अतिथि भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नगरपालिकाबाट प्रदान गरेको घरदैलो नर्सिङ सुविधा, ख्वप अस्पलातबाट प्रदान गर्ने

बाँकी पृष्ठ १० मा .......



" सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश "

विगतमा सहकारीमा भएका विकृती विसंगति हुनुमा सत्तासिन दलहरूकै भागभण्डाका कारणले भएको भन्दा फरक नपर्ला, सहकारीमा आज पनि त्यहि रफतारमा विसंगतीको गति कम गर्न सकी रहेको छैन । सहकारी एउटा यस्तो समूह हो जसमा रहेको सदस्यहरूको उद्देश्य एउटै रहेको हुन्छ । जहाँ एकका लागि सबै र सबैका लागि एकको भनाई अनुसार चलिरहेको हुन्छ । साथै मिलेर एकको समस्या समाधानका लागि लागी परेका हुन्छन् । त्यसको आफ्नै नीति नियम रहेको हुन्छ । यसको निश्चित कार्यक्षेत्र रहेको हुन्छ । कार्यक्षेत्र भित्रका व्यक्तिहरूले मात्र यस समूह वा सहकारीमा सेवा सुविधा लिन दिन पाउँछ ।

यस्तै सहकारी मध्ये सिद्धि गणेश साकोस एउटा अवल रूपमा अघि बढि रहेको छ । जसमा रहेका सम्पूर्ण सदस्यहरू त्यसको सेवा सुविधामा सन्तुष्ट रहेको पाइन्छ । यसको छुटै पहिचान रहेको छ । सदस्यहरूलाई सहकारीको विद्यमान अवस्थाबारे शिक्षा प्रदान गर्दै आई रहेको छ । अझ यस सहकारी पूर्ण पारदर्शी इमानदारी तथा सुशासनका साथ अगाडि बढि रहेको छ । यहि विश्वासलाई कायम राख्न सम्पूर्ण सञ्चालक एवं व्यवस्थापनले सहकारी संस्था अझ प्रगतीका लागि तल्लिन भएर लाग्नु आजको आवश्यकता बढ्दै गएको छ ।

वर्तमान सरकारले संसद छलेर सहकारी विद्येयक ल्याएको हो जुन विद्येयकमा नियमसंगत चलेका सहकारीहरूलाई प्रोत्साहन भन्दा निरूत्साहित गर्ने खालको नियम रहेको पाइन्छ र सहकारी संस्थाहरूका लागि स्वयम् सेवक भई काम गरेकाको मनोबलमा ऱ्हास आउने खालका नियमहरू रहेकोबारे सदस्यहरूलाई सुसूचित गर्नु आवश्यक रहेका छन् । जुन सम्पूर्ण सदस्यहरूको लागि अति आवस्यक रहेका छन् । सदस्यहरूले आफ्नो पाई पाई जम्मा गरी राखेको पैसा अनियमित तरिकाले सञ्चालन स्वीकृत दिएकाहरूले जोखिममा परेको बारे जनमानसमा छलफलको विषय भई रहेकोलाई ध्यान नदिएको आभास भएको छ । सहकारीमा रहेका नीति अनुसार दर्ता नभई फास्ट्रायाकबाट दर्ता भएका सहकारी बढि जोखिम भएको प्रमाणित भई सक्दा पनि ती सहकारीहरू दर्ता गर्ने पदासिनलाई के गर्ने भन्ने सवालमा विद्येयकले कुनै ठाउँमा उल्लेख गरेको पाइएन । त्यो नहुनुमा सत्तासिन दलको चलखेल छ की भन्ने गन्ध आउनु स्वभाविक कै हो ।

यी यस्तै बेतिथिहरूकोबारे सदस्यहरूलाई सुसूचित गराउन यस छिमेकी बुलेटिन मार्फत सदस्य एवं शुभ चिन्तकहरूलाई राष्ट्रिय, अन्तराष्ट्रिय घटनाक्रम समेत जानकारी दिने हेतुले यस बुलेटिनमा आदरनिय पूर्व सँासद प्रेम सुवाल र प्रदेश सँासद सुरेन्द्र राज गोसाईको रचनाले थप सुझाव मिल्ने आशा गर्न सकिन्छ । त्यसै गरी बुलेटिनको पाठकहरूमा कुनै किसिमको असहजता भएममा सकारात्मक सुझावको आशाका साथ ढिलै भएपनि २०८३ सालको सम्पूर्ण सदस्य एवं शुभचिन्तकहरूमा सुखद् वर्ष होस् भनी कामना व्यक्त गर्दछु ।

## सहकारी संस्था र सदस्यहरूलाई दिनुपर्ने शिक्षा



✍ k]d ;'jfn,
g]lskfsf s]Gb|o ;lrj

पृथ्वीको जन्म अर्बौं वर्ष पहिले भएको थियो । पृथ्वीमा मानिसको विकास सालाखाला एक लाख वर्ष भएको मानिन्छ । जंगली युगमा मानिसले प्रतिकूल मौसममा पनि जनावरसँग जुधेर जीवन निर्वाह गरेका थिए ।

मानिस जंगली अवस्था पार गरी सभ्य जीवन सुरू गरेको सालाखाला सात हजार वर्ष भएको मानिन्छ । पशुपालन र खेतीपातीको विकाससँगै मानिसले आफ्नो फाइदाको लागि अरूलाई काममा लगाउन थाले । त्यो वेला स्वार्थको लागि आ–आफूमै हानाहान पनि भयो । साधन र स्रोत भएकाहरूबाट आफ्नो स्वार्थको लागि निर्धा–निमुखालाई मार्नेसम्मका कामहरू भए ।

श्रम संगसंगै मानिसको मस्तिष्कको पनि विकास भयो । चार पांच सय वर्षयता विज्ञान र प्रविधिको प्रचुर विकास भयो । समाजको असमानता र त्यसबाट उत्पन्न हुने अशान्ति रोक्न के गर्नु पर्ला भनी सोच्ने असल मानिसहरू पनि जन्मिए ।

पच्चीस सय सत्तरी वर्ष अगाडि नेपालमा जन्मनु भएको बुद्धले व्यक्तिगत सम्पत्तिको विकाससँगै समाजमा असंतुष्टी बढेको अनुभव गर्नुभयो र उहाँ दरबार त्यागेर सामुहिक हितका शिक्षा प्रचारमा लाग्नु भयो ।

जर्मनीमा सन् १८१८ मा जन्मनु भएका कार्ल मार्क्स र सन् १८२० मा जन्मनु भएका फ्रेडरिक ऐगेल्सले केही व्यक्तिको स्वार्थमा साधन र स्रोत प्रयोग हुने पुंजीवादी समाजलाई ध्वस्त पारेर सबैको समान स्वार्थ हेर्ने समाजवादी र साम्यवादी समाज निर्माणमा मजदुर वर्गको प्रमुख भूमिका हुने निष्कर्ष दिनुभयो ।

सबै प्रकारका सहकारी संस्थाहरूले मानव समाजको विकासमा मार्क्स र ऐगेल्सले औल्याउनु भएको यो निष्कर्षबारे आ–आफ्नो सदस्यहरूबीच छलफल गर्नु गराउनु जरूरी छ । यसले सदस्यहरूको सामुहिक हित हेर्ने सहकारीको उद्देश्य पूरा गर्न थप मद्दत पुग्नेछ । सहकारी संस्थाहरूमा बढिरहेको ठगी नदोहोरिने अवस्था तयार गर्न सञ्चालक र व्यवस्थापकहरूलाई थप मद्दत पुग्नेछ ।


नेपालको वर्तमान राजनीतिक अवस्था जटील छ । यसको मुख्य कारण पैतिस वर्षयता सरकारमा गएका पार्टीहरूले देश र जनताको निस्वार्थरूपमा सेवा नगर्नु हो । गत भदौं २३ गतेको शान्तिपूर्ण प्रदर्शनमा भएको घुसपैठ र हत्या एवम् भदौं २४ गतेको उपद्रव र देशभरि आगजनीका दोषीहरूलाई कार्वाही नगरिएसम्म देशको जटिल राजनीतिक अवस्था अन्त्य हुने

छैन ।

ट्रम्प प्रशासनको कारण संसारमा अशान्ति र युद्ध बढिरहेको छ । ट्रम्प प्रशासनले इजरायलसमेतलाई इरान, प्यालेस्टिन, युक्रेनमा आक्रमण गर्न लगायो । इरानले ट्रम्प प्रशासनलाई गतिलो जवाफ दिँदै छ ।

ट्रम्प प्रशासनको इरान, प्यालेस्टिन, युक्रेनलगायतमा युद्धको कारण संसारमा इन्धन र खाद्यान्नको अभाव बढ्यो भने महंगी पनि बढ्यो । यसले विश्वका असी प्रतिशतको संख्यामा रहेको गरिब जनताको जीवन थप कठिन भयो । नेपालको वर्तमान सरकारले यी युद्धको खुलेर विरोध गर्न सकेन ।

सहकारी संस्थाहरूले सदस्यहरूलाई यी राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयबारे पनि शिक्षा दिनु जरूरी छ ।






## लोकतन्त्र भनेको "एल्गोरिदमतन्त्र" होइन, न त "मिदासतन्त्र"नै हो !



✍ ;'/]Gb|/fh uf}tf0{
afudtL kb]z ;F;b

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित र्‍यालीमा आज हामीले विभिन्न समसामयिक नाराहरू लगायौं । जल्दाबल्दा समस्याबारे आवाज दियौँः 'जनताको बचत फिर्ता गर !', 'सहकारी ठगहरूलाई कार्वाही गर !' किसानहरूको पक्षमा काम गर्न जोड दियौँ । रासायनिक मल कारखाना देशमै खोल्न माग गर्‍यौँ । हामीले जोड दिँदै भन्यौँः "महँगी अति भयो ! बजारभाऊ नियन्त्रण गर ! भ्रष्टाचारीहरूलाई कार्वाही गर ! " यो जनताको आवाज हो । यो समयको आवाज हो ।

वर्तमान सरकार सुन्छ या सुन्दैन । स्वरमा स्वर मिलाई हामी भन्छौंः 'किसानहरूका लागि मल, बीउविजनको बन्दोवस्त गर !', 'कृषि उत्पादनमा विशेष जोड देऊ !' युवाहरूको पक्षमा हामी भन्छौंः स्वदेशमै रोजगारीको बन्दोवस्त गर ! हिजोका पुराना कलकारखानाहरूः हेटौडा सिमेन्ट कारखाना, जगाति इँटाटायल कारखाना, भृकुटी कागज कारखाना, ट्रलिबस आदिआदि हामी खोज्दैछौं । सरकारमा थोरै मात्रपनि जनताप्रति माया छ भने ती कलकारखानाहरूलाई ब्यूँताउने साहस गरोस् । ठूला–ठूला र चटके कुराहरू होइन, व्यावहारिक कामहरू थालेर आफ्नो उपस्थिति देखाउनका निम्ति यो ऐतिहासिक चोकबाट हामी सरकारसमक्ष माग गर्दछौं । यो मजदुरहरूको माग हो, यो किसानहरूको माग हो, यो कामदार जनताको माग हो ।

सुशासनको नारा दिएर, भ्रष्टाचारविरूद्ध नारा लगाउँदै फागुन २१ गतेको निर्वाचनपछि सिंहदरबार पसेको लस्कर देख्यौं । हिजो जलाइएको सिंहदरबार पस्नेहरूले त्यो खरानी साक्षी राखेर जनताको पक्षमा थोरै भएपनि इमानदारी, थोरै मात्रपनि विवेक र थोरै भएपनि देशभक्तिलाई व्यवहारमा उतार्ने साहस देखाऊन् । हिजो जलाइए सिंहदरबार, बालुवाटार, शितलनिवास । हाम्रा धेरैधेरै सार्वजनिक सम्पत्तिहरू जलाइए । ती घटनाहरू पुराना होइनन् । आजभन्दा केही महिना अगाडिका कुरा हुन् । ती जलाइएका भवनहरूलाई साक्षी राखेर हामी भन्छौं, सम्पदाहरू अब फेरि नजलाइयून् ! जनताका मनहरू फेरिपनि नजलाइयून् ! जनताका छोराछोरीहरूको छातीमा कहिल्यै गोली नडागियोस् ! हामी जोडका साथ भन्छौंः 'हामी अझै पनि न्यायको खोजीमा छौं । हामीले न्याय पाएका छैनौं ।' जनता अन्याय र शोषणको विरोध गर्दैछन् । फेरिपनि त्यो शोषणविरूद्धको आवाजलाई कम नठानियोस् । आजको श्रमिक दिवसको अवसरमा हाम्रो सुझाव छ ।

हामीले बारबार भन्यौं एमसीसीले यो देशको रक्षा हुने छैन । हामीले बारबार भन्यौं एमसीसी, एसपीपी भनेको देशको सवालमा विष साबित हुनेछ । हाम्रो काल साबित हुनेछ । हामीले त्यसकारण एमसीसीविरूद्ध सडक र सदनमा आवाज बुलन्द गर्‍यौं । हामीले एमसीसी सम्झौतापश्चात्का घटनाहरू देखिरहेका छौं । हामी भोगिरहेका छौं । यो जरूर पनि संयोग मात्र होइन । एमसीसीपछि ९ हजार माइल टाढाको देश अमेरिकाबाट आज विशेष अमेरिकी दूतहरू बाक्लो ढङ्गमा काठमाडौंमा उपस्थिति जनाइरहेका छन् । अमेरिकी दूतावास कसरी नेपालमा खेल्दैछ ? हामी भोग्दैछौं, हामी देख्दैछौं । हामी फेरिपनि साम्राज्यवादविरूद्ध लड्नका निम्ति श्रमिक दिवसको अवसरमा जनतासमक्ष आह्वान गर्दैछौं । अमेरिकाको शिकागो सहरको त्यो भावना, १४० वर्ष अगाडिको मजदुरहरूको त्यो सङ्घर्षबाट प्रेरणा लिएर भन्छौं – 'अमेरिकी साम्राज्यवाद मुर्दावाद !' अमेरिकी साम्राज्यवादको अन्त्य नभएसम्म विश्वका मजदुरहरूले स्वतन्त्रताको स्वास फेर्न पाउने छैनन् ।

आज संयोगले बुद्ध जयन्ती पनि हो । यही धर्तीबाट आजभन्दा २५७० वर्षअघि गौतम बुद्धले शान्तिको सन्देश फैलाउनुभयो । यदि विश्वको अस्तित्व जोगाइराख्ने हो भने शान्ति अपरिहार्य छ । हो, हामी फेरि थप्छौंः समानता, स्वतन्त्राविना शान्ति आउँदैन । साम्राज्यवाद ज्यूँको त्यूँ रहेसम्म, फासिवादको जगजगी कायम रहेसम्म विश्वमा शान्ति सम्भव हुन्न । त्यसकारण शान्तिको निम्ति गाँस, बास, कपासको आवश्यकता पर्दछ । शान्तिको निम्ति स्वतन्त्रता आवश्यक पर्दछ । शान्तिको निम्ति स्वाधीनता आवश्यक पर्दछ । शान्तिको निम्ति समानता आवश्यक पर्दछ । हो, यस्तै शान्तिको खोजीमा छौं । गौतम बुद्धले देखाएको त्यो बाटोमा हामी हिंड्दै छौं । तसर्थ, हामी लगाउँछौं स्वतन्त्रताको नारा, हामी लगाउँछौं स्वाधीनताको नारा, हामी लगाउँछौं समानताको नारा । समानतासहितको शान्ति, स्वतन्त्रतासहितको शान्ति, युद्धविनाको संसार अहिलेको आवश्यकता हो । अहिले अमेरिकी साम्राज्यवाद चारैतिर युद्धको वर्षा गर्दै छ । हिजो प्यालेस्टाइनमाथि हमला गर्‍यो । ७४ हजार त्यहाँका अवोध बालबालिका, आमाहरू, निर्दोष मानिसहरूलाई ट्रम्प र न्येतान्याहूले हत्या गरे । त्यहाँका ८० प्रतिशतभन्दा बढी घरहरू, भवनहरू, आवासहरू जलाइए, ध्वस्त पारिए । त्यस युद्धको विरूद्ध, इजरायली फासीवाद तथा अमेरिकी साम्राज्यवादको विरूद्धमा संसारका जनता एकजुट भएर सडकमा उत्रे । अमेरिका पछाडि हट्न बाध्य भयो । जसरी शिकागोका मजदुरहरूले विद्रोह गरेका थिए आज ट्रम्प महाराजको विरूद्ध त्यहाँका लाखौंलाख जनता सडकमा छन् । त्यहाँका जनताले शान्ति मागिरहेका छन् । अमेरिकी जनताले युद्धको अन्त्यको माग गरिरहेका छन् । हामी शान्तिप्रेमी तथा न्यायप्रेमी नेपाली जनता पनि आज साम्राज्यवादको विरूद्ध, शान्तिको पक्षमा, स्वतन्त्रताको पक्षमा, स-साना देशहरूको अस्तित्व रक्षाको पक्षमा आवाज बुलन्द गर्दैछौं । नेपाल मजदुर किसान पार्टी त्यसमा अग्रमोर्चामा रहेर सङ्घर्ष गर्दैछ ।

अमेरिकी साम्राज्यवादले तेलको अर्को खानी ल्याटिन अमेरिकाको देश भेनेजुयलामा मजदुर नेता हुँदै राष्ट्रपति बनेका निकोलस माडुरोलाई डाँका शैलीमा अपहरण गरेर अमेरिकामा कैद गरिराखेको अवस्था छ । मजदुर तथा भेनेजुयली जनताका नेता माडुरो र उनका जहानको शीघ्र रिहाइको यही स्थानबाट पनि नेपाली जनताको तर्फबाट माग गर्दछौं ।

ऊर्जाको अर्को एउटा खानी इरानमाथि अमेरिकी साम्राज्यवादले लगातार हमला गर्दैछ । अमेरिकी जनताले त्यसको पनि विरोध गरे । संसारका न्यायप्रेमी तथा शान्तिप्रेमी जनताले त्यो युद्धको विरोध गरे । अमेरिका केही पछाडि हट्न बाध्य भयो । पछाडि हटिसकेको अमेरिका अझै निहुँ खोज्दै छ । इरानमाथि हमला गर्ने बहाना खोज्दै छ । त्यसकारण युद्ध बन्द गर्न सारा मजदुर, नेपाली जनताको तर्फबाट हामी माग गर्दछौं ।

अमेरिकाले अर्को एउटा दादागिरी संसारमा देखाउँदै छ । पश्चिमी गोलार्द्धमा एउटा समाजवादी देश छ, क्युवा । त्यो देशमाथि अमेरिकाले दबाब बढाउँदै छ । ६० वर्षभन्दा बढी भयो क्युवाविरूद्ध अमेरिकाले चर्को आर्थिक नाकाबन्दी लगाएको । पछिल्लो समयमा सम्पूर्णखालका प्रतिबन्धहरू क्युवामाथि थोप्दै छ । इन्धन प्रतिबन्धका कारण क्युवाली जनता अत्यन्त कष्टकर जीवन बाँच्दै छन् । क्युवामा यतिखेर ऊर्जा सङ्कट छ । लाखौं लाख क्युवाली जनता 'मृत्यु या विजय' को नारा लगाउँदै सडकमा छन्; कदापि नझुक्ने अठोठ गर्दैछन् । क्युवामाथि भइरहेको अत्याचारविरूद्ध सारा मजदुरहरूले आवाज उठाउन आवश्यक छ । हामी निरन्तर वीर क्युवाली जनताको पक्षमा सङ्घर्षरत छौं । एकदिन अमेरिकाले घुँडा टेक्नैपर्नेछ । क्युवाली जनताको जीत हुनेछ । क्युवाली क्रान्तिको जीत हुनेछ । अन्तिम जीत क्युवाली समाजवादको हुनेछ । क्युवाली न्यायप्रेमी, स्वाधीनताप्रेमी जनताप्रति यहीं ठाउँबाट पुनः ऐक्यबद्धता जनाउँछौं ।

हाम्रो देशको सन्दर्भतिर फर्कौं । भ्रष्टाचार र सुशासनका ठूला-ठूला कुराहरू हामीले सुन्यौं । वर्तमान सरकारसमक्ष हाम्रा केही सरल प्रश्नहरू छन् । कृपया विभिन्न माध्यमबाट वर्तमान सरकारसमक्ष पुर्‍याउनका निम्ति हामी आग्रह गर्दछौं । इन्धन र ग्यास महँगो हुँदा के सुशासन सम्भव हुन्छ ? गए राति ग्यासको मूल्य लगभग २२ सय पुर्‍यायो । के इन्धन र ग्यासको मूल्य बढाएर सुशासनको कल्पना गर्नु उपयुक्त हो ? कामको खोजीमा फेरिपनि अरब, कतार, मलेसिया, विदेश धाउनुपर्ने बाध्यता ज्यूँको त्यूँ राखेर के सुशासन सम्भव हुन्छ ? युवाहरू सारा विदेश पठाएर कसको निम्ति सुशासन ? वर्तमान सरकार गठन भएको ३० दिनमा झन्डै १ लाखभन्दा बढ्ता युवाहरूले त्रिभुवन


" सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश "

विमानस्थलमा पुगेर विदेश गएको हामीले सुन्यौँ । के त्यसरी सुशासन सम्भव हुन्छ ? सुशासन कसको निम्ति ? स्कूलहरू बन्द गरेर के सुशासन सम्भव हुन्छ ? पाठ्यपुस्तकहरू नपुऱ्याएर के सुशासन सम्भव छ ? एक महिना शैक्षिक हड्तालझैँ गरेर के सुशासन सम्भव हुन्छ ? आज हामी वैशाखको १८ गते यहाँ उपस्थित छौँ । २१ गते भन्दा अगाडि स्कूल खोल्न नपाइने भन्ने हुकुम कसको हो ? त्यस्तो हुकुमी शासनबाट के सुशासन सम्भव हुन्छ ? शिक्षा महँगो बनाएर के सुशासन सम्भव हुन्छ ? अस्पतालहरू बन्द गरेर के सुशासन सम्भव हुन्छ ? तीन दिन लगातार सार्वजनिक विदा भएको हुनाले अब सच्याउनुपऱ्यो, वैशाख १८ गते अस्पताल खोल्नु भनी सरकारले सूचना जारी गऱ्यो । लाज पचाएर गएराति सरकारले अनुनय-विनय गऱ्यो । हाम्रा अस्पतालहरू र मेडिकल सङ्गठनहरूले भने 'हामी विदामा बस्छौँ, त्यो हाम्रो अधिकार हो ।' यसरी अस्पताल बन्द गरेर सुशासन सम्भव हुन्छ ? स्वास्थ्य महँगो बनाएर के सुशासन सम्भव हुन्छ ? छिरबिरे रङ्गको पोशाक लगाउनेहरू चारैतिर फैलाएर, डण्डा चलाएर, बन्दुक तेर्स्याएर के सुशासन सम्भव हुन्छ ? के हरियो पोशाकको आतङ्क फैलाउन खोजेको हो ? त्यसरी सुशासन सम्भव हुन्छ ? डिजिटल प्लाटफर्महरूमा घृणा-घृणा-घृणा फैलाएर के सुशासन सम्भव हुन्छ ? जनतालाई घरबारविहीन बनाएर के सुशासन सम्भव हुन्छ ? वर्तमान सरकारसमक्ष यी यक्ष प्रश्नहरू छन् । यी हाम्रा सवालहरू हुन्, जनताका सवालहरू हुन् । आँट छ भने यी हाम्रा जायज सवालहरूको चित्तबुझ्दो जवाफ देऊ । होइन भने सरकारबाट विदा हुने दिन टाढा छैन ।

हामीलाई थाहा छ, सुशासन मात्र नारामा सीमित गर्नेहरू सरकारमा सधैँ बसिरहन सम्भव हुन्न । फेरिपनि हामी केही सवालहरू यहाँ उठाउँछौँ । कृपया यो सरकारले कान खोलेर सुन्नको निम्ति हामी विनम्रतापूर्वक अनुरोध गर्दछौँ । म साङ्केतिक रूपमा केही परिभाषा दिन्छु । लोकतन्त्र भनेको एल्गोरिदमतन्त्र होइन । सधैँ एल्गोरिदमबाट शासन गर्न सम्भव हुँदैन । लोकतन्त्र भनेको चुपचापतन्त्र होइन । लोकतन्त्र भनेको मौनतन्त्र होइन । जनतालाई मौन बस्नु, जनतालाई चुपचाप बस्नु भनी आदेश दिनु र आफू मौन बस्छु भनेर कसम खानु लोकतन्त्रमा सुहाउँदैन । लोकतन्त्रमा छलफल आवश्यक हुन्छ । लोकतन्त्रमा बहस आवश्यक हुन्छ । लोकतन्त्रमा जनतासँग अन्तरक्रिया आवश्यक हुन्छ । लोकतन्त्रमा जनताको बीचमा आएर जनताको कुरा सुनेर जवाफ दिन आवश्यक हुन्छ । जावफदेहिता लोकतन्त्रको सुन्दर पक्ष हो । त्यसकारण लोकतन्त्रको यो सुन्दर पक्षलाई कदर गर्नको निम्ति अनुरोध गर्दछौँ । साथै लोकतन्त्र भनेको नार्सियालीतन्त्र होइन । लोकतन्त्र भनेको नार्सिसिस्टहरू जन्माउनु होइन । लोकतन्त्र भनेको आफैं महान् भनेर स्वघोषणा गर्नु होइन । त्यसकारण नार्सियाली रोगबाट वर्तमान सरकारलाई मुक्त हुनको निम्ति हामी यो सूर्यमढीबाट सुझाव दिन्छौँ । लोकतन्त्र भनेको मिदासहरूको तन्त्र होइन । लोकतन्त्र भनेको मिदासतन्त्र होइन । एकजना मिदास भन्ने राजा थियो । जे छोए पनि सुन होस् भनेर बरदान माग्ने । त्यो वरदान प्राप्त गऱ्यो, सुनैसुन पायो । त्यही अभिशाप बन्यो । त्यस्ता मिदासहरूको तन्त्र लोकतन्त्र होइन । वास्तविक लोकतन्त्र त जनताको तन्त्र हो । गरीबहरूको तन्त्र हो । कामगरी खाने जनताको तन्त्र हो । लोकतन्त्रको यो सुन्दर पक्षलाई कदर गर्न, व्यवहार मा उतार्नका निम्ति यो सूर्यमढीबाट हामी सुझाव दिन्छौँ । अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा वर्तमान सरकारसमक्ष हाम्रा यी मागहरू पनि हुन् । तर यी मागहरूप्रति हेलचेक्र्याइँ गरेको खण्डमा परिणाम सुखद् नहुने निश्चित छ ।

पञ्चायत फाल्न ३० वर्ष लाग्यो । पञ्चायतपछि आएका नक्कली कम्युनिस्टहरू उदाङ्ग्याउन ३५ वर्ष लाग्यो तर यी नवसम्भ्रान्तहरू, यी मिदासहरू, यी नार्सिसिस्टहरू, यी नक्कली नागका सौखिनहरू, भ्रष्टाचारकै गर्भबाट जन्मिएकाहरूको पतन हुन ३० वर्ष होइन ३ वर्ष पनि बढी हुनेछ !

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले १३७ औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा आयोजित कार्यक्रममा व्यक्त विचारको सम्पादित अंश)





" सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश "

पुस २९, भक्तपुर । यस सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवस समारोह सञ्चालक समितिको आयोजना तथा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिज्यूको प्रमुख आतिथ्यमा सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पूँजीवादी व्यवस्थामा हरेक १० वर्षको एक पटक आर्थिक संकट आउने बताउँदै हाल देशमा आई रहेका आर्थिक समस्याहरू पूँजीवादी व्यवस्थाको कारणले भएको बताउनुभयो । उहाँले पुरस्कारका लागि नभई सेवाका निम्ति कार्य गर्नुपर्ने भन्नुहुँदै व्यक्तिगत स्वार्थ भन्दा सामाजिक विकासको भावनामा जोड दिनुपर्ने बताउनुभयो । साथै सरकारी निकायबाट दिइएको सम्मान भन्दा पनि जनताले दिइएको सम्मान ठुलो हुने कुरामा जोड दिनुभई सम्मान गर्ने विषय र छात्रवृत्ति उपलब्ध गराई दिइने शिक्षाको विषयमा पनि गहन अध्ययन गरिनपर्ने भन्नुभयो ।




उहाँले सहकारी संस्था सिद्धान्तको पालना गरी इमानदार र पारदर्शी भई न्यून आय भएका वर्गको विकास गर्ने उद्देश्यका साथ अघि बढ्नुपर्ने बताउँदै संस्थामा जम्मा भएको रकम उत्पादनशिल क्षेत्रमा लगानी गरी चलायमान राख्नुपर्ने आवश्यकता औंल्याउँनुभयो । नगर प्रमुख सुवालले सहकारीको पदमा जाने सञ्चालकहरूले इमानदारी पूर्वक सेवा गर्ने भावनाले अघि बढ्नुपर्ने बताउँदै नेतृत्व राम्रो भए मात्र संस्था राम्रो हुने बताउनुभयो ।

उहाँले त्रिभुवन शिक्षण अस्पतालले स्वास्थ्य बिमा सुविधा बन्द गर्ने घोषण गरेको जानकारी दिनुहँदै सरकार बाट उपलब्ध स्वास्थ्य बिमा सेवा बन्द गर्दा ठुलो समस्या आउन सक्ने सम्भावना रहेको बताउनुभयो तर भक्तपुर नगरपालिकामा सरकारले सेवा बन्द गरेपनि स्थानिय जनता तथा सहकारीहरूबाट उठाएको सामुदायिक विकास कोषको रकमले सो सेवालाई निरन्तरता दिन सकिने उल्लेख गर्नुभयो । उहाँले आफु आत्मनिर्भर भए आफ्नो पैसाले आफ्नो ठाउँ आफै विकास गर्न सकिने भन्नुहुँदै राजनीतिक रूपमा सबै सचेत रहनुपर्नेमा जोड दिनुभयो ।

उहाँले राजनीतिमा सिद्धान्त र विचारको पालना गरी इमानदार बने मात्र देश विकास हुने भन्नुहुँदै सहकारीमा पनि सहकारी सिद्धान्त पालना गरी इमानदारिता पूर्वक कार्य गर्नुपर्ने बताउनुभयो । उहाँले आलोचनाहरूलाई आत्मसाथ गरी कमजोरीहरू सुधार गर्दै जानुपर्नेमा जोड दिनुभयो । उहाँले हाल विश्वमा भएको घटनाको बारेमा चर्चा गर्दै शक्ति सम्पन्न देशले आफ्नो निजी स्वार्थका लागि गलत लान्छना लगाई स्वतन्त्र देशमा गरेको हस्तक्षेपबारेमा जानकारी गराउनुभयो ।

कार्यक्रमका अतिथि भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले सिद्धि गणेश साकोस समुदायमा आधारित भई समुदायको विकासका निम्ति कार्य गर्दै आएको स्मरण गर्नुभयो । उहाँले आफ्नो लक्ष्य पूर्तीको क्रममा विभिन्न समस्याहरू आई रहने तर ती समस्याहरूको सामना गरी अघि बढे अवश्य पनि लक्ष्य पुरा हुने बताउनुभयो । उहाँले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघले सहकारी सम्बन्धी अध्ययन गराउने व्यवस्था गर्नुपर्नेमा जोड दिनुहुँदै सहकारी विद्यालयको स्थापना गरी विश्वविद्यालयहरूमा सहकारीता सम्बन्धी अध्ययन गर्ने ठाउँको व्यवस्था गर्नुपर्ने बताउनुभयो। उहाँले राजनीतिको अर्थ, सिद्धान्त र विचारलाई कार्यान्वयन गर्नु हो भन्नुहुँदै राजनीति भ्रष्टाचार र भोट लिने स्थान मात्र नरहेको बत(ाउनुभयो ।

उहाँले संस्थाको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमहरूले सदस्यहरूलाई सचेत गर्ने बताउँदै ती कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने भन्नुभयो ।

कार्यक्रमका अतिथि भक्तपुर नगरपालिका नगर सहकारी संयोजक हरि प्रसाद बासुकलाले विगतमा उदाहरणीय कार्यहरू गरेको कारण सिद्धि गणेश साकोसको चर्चा जिल्लाभर हुने गरेको स्मरण गर्नुहुँदै सिद्धि गणेश साकोसलाई निरन्तर नयाँ र राम्रा कार्य गर्दै जान सुझाव दिनुभयो । उहाँले सहकारी संस्थाहरू आर्थिक कारोवारमा मात्र सिमित नरही उत्पादन क्षेत्रमा पनि सक्रिय क्रियाकलाप गर्दै जानुपर्ने आवश्यकता औंल्याउँनुभयो । साथै सहकारी संस्थाले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन जोड दिनुभयो ।

उहाँले सहकारी संस्थामा रहेको सामुदायिक विकास कोषको उद्देश्य अनुसारको उपयोग कम मात्र सहकारी संस्थाले गरेको कारणले भक्तपुर नगरपालिकाले कोष उपयोग गरी समुदायको विकास गर्न कोषको ५०% संकलन गर्ने गरेको बताउनुभयो । उहाँले भक्तपुर नगर सहकारी समितिले

अनुगमनलाई विषेश प्राथमिकता दिई समस्यामा परेको सहकारी संस्थाहरूलाई सल्लाह सुझाव दिँदै आएको बताउनुभयो । उहाँले संघिय, प्रदेश र स्थानिय निकाय मात्र सहकारी संस्थाको नियमन निकाय नभई विषयगत संघ पनि एक नियमन निकाय रहेको बताउँदै जिल्ला संघले समस्यामा परेको सहकारी संस्थाको सदस्यता खारेज गर्ने भन्दा पनि ती सहकारी संस्थाको निरिक्षण गरी उपयुक्त सुझाव दिन आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमका अतिथि भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष हरि बल्लले लक्ष्य लिई लक्ष्यको प्राप्तीको लागि रणनीति र कार्यविधि बनाई कार्य गरे नगरेको स्थिति अनुगमन गर्दा सिद्धि गणेश साकोस नीति नियम पालना गरी सञ्चालन भएको एक प्रारम्भिक सहकारी रहेको उल्लेख गर्नुभयो । उहाँले हाल सहकारी क्षेत्रमा देखा परेको समस्याको बाबजुत पनि भक्तपुर जिल्लामा सञ्चानल भएका सहकारी संस्थाहरूमा समस्या नआएको बताउनुभयो । उहाँले संघबाट सहकारी संस्थाहरूको अनुगमन र प्रवर्द्धन गर्नुका साथै आवश्यक सल्लाह सुझाव प्रदान गर्दै आएको बताउँनुभयो ।



उहाँले संघमा सिद्धि गणेश साकोसको प्रतिनिधित्व स्थापना कालमा संस्थापक अध्यक्ष लगायत धेरै पटक संचालक समितिको पदाधिक(ारी पदमा प्रतिनिधित्व रहेको जानकारी दिनुभयो । उहाँले सहकारी अभियान र सरकारी नियमन निकाय एक आपसमा समन्वय गरी अघि बढे मात्र सहकारी क्षेत्र विकास हुने बताउँदै बचत तथा ऋण सहकारी संस्थाको मूल कार्य भनेको बचत र ऋण कारोवार गर्नु हो भन्नुभयो । साथै सहकारी अभियानले बचत तथा ऋणको मात्र कारोबारमा सीमित नरही समाज प्रति उत्तरदायित्व बहन गर्न विभिन्न क्रियाकलाप जस्तै रक्तदान, सरसफाई, सीपमूलक तथा आयमूलक तालिम, स्वास्थ्य शिविरहरू सञ्चालनमा पनि संलग्न रहेको विवरण जानकारी गराउनुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले सामाजिक विकासमा योगदान गर्ने उद्देश्यका साथ स्थापित यस संस्था पारदर्शी भई सहकारी मुल्य मान्यता र सिद्धान्तको पालना गरी सञ्चालन हुँदै आएको बताउनुभयो । उहाँले अतिथिहरूको सुझाव स्विकार्दै असल सहकारी अभ्यास गर्दै आएको कारण ३२ वर्ष पुग्दा सम्म पनि संस्थामा कुनै समस्या नआएको र निरन्तर सञ्चालनमा रहेको उल्लेख गर्नुभयो ।

उहाँले सिप प्रदान गरी सदस्यको आर्थिक विकास गर्न संस्थाबाट नियमित सिपमूलक तालिमहरूको आयोजना हुँदै आएको बताउँदै सदस्यहरूलाई सहकारी सम्बन्धी ज्ञान प्रदान गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको जानकारी दिनुभयो ।

उहाँले संस्थाको ३२औं स्थापना दिवसको अवसरमा सदस्यहरूलाई मानसिक स्वास्थ्य सम्बन्धी सचेत गर्न मानसिक रोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम, प्रविधि सम्बन्धी ज्ञान दिन ए.आई सम्बन्धी अभिमुखिकरण, सहकारी शिक्षा प्रदान गर्न हाजिरी जवाफ प्रतियोगिता , स्वस्थकर खाना बनाउन सिकाउने उद्देश्यका साथ गुडपाक, पुस्तकारी र सुत्केरी मसला बनाउने तालिम र पिठोको परिकार सम्बन्धी पाक शिक्षा तालिम, बौद्धिक विकासका लगि बुद्धिचाल प्रतियोगिता, आर्थिक अवसर श्रृजना गर्न पुतली बनाउने तालिम, खर्च कटौटीका लागि सर्फ बनाउने तालिम र सदस्यको स्वास्थ्यको लागि मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर तथा निःशुल्क थाइरोइड परिक्षण कार्यक्रम आयोजानागरिएको जानकारी दिनुभयो साथै कृषक सदस्यको निम्ति मौसमी बाली सम्बन्धी अभिमुखिकरण पनि गरिएको जानकारी गराउनुभयो ।

कार्यक्रममा संस्थाका उप(ाध्यक्ष विष्णु राम दुमरूले हाल जारी निर्देशनहरूले सहकारी संस्थाहरूलाई एक वित्तीय संस्थाको रुपमा व्याख्या गरेको उल्लेख गर्नुहुँदै सहकारी संस्थाले आर्थिक कारोवार मात्र गर्दा बैंक र सहकारी बिच कुनै भिन्नता नरहने बताउनुभयो । साथै उहाँले सो विषयको विरोधमा सहकारी संस्थाका छाता संगठनहरूले आवाज उठाउन आवश्यक रहेको बताउनुभयो । उपाध्यक्ष दुमरूले संस्थाका सदस्यहरूले सदस्य पहिचान फारम(KYM) अद्यावधिक गर्नुपर्ने आवश्यकता औल्याउँदै सदस्यहरूले अद्यावधिक गरेको सदस्य पहिचान फाराममा उल्लेख गरेको आय रकम वास्तवीक हुनुपर्ने, यदि नभएको खण्डमा उल्लेख गरेको आय रकम भन्दा बढि भएको रकम अबैध हुने भन्नुभयो । साथै संस्थामा सहकारी विभागबाट गरिएको नियमनका क्रममा संस्थाको असल अभ्यासहरू बारे अवलोकन गराई भक्तपुर नगरपालिकाद्धारा सामुदायिक विकास कोषको रकम ख्वप अस्पतालमा प्रयोग भएको बारेमा उहाँले स्पष्ट पार्नुभयो । उहाँले सहकारी संस्था आर्थिक कारोवारमा मात्र सिमित नभई सदस्य र समुदाय केन्द्रीत भई अघि बढाउनुपर्ने आवश्यकता औल्याउँनुभयो ।

बाँकी पृष्ठ १४ मा .......

# ३१औं वार्षिक साधारण सभा (क्षेत्रगत)






सिद्धि गणेश सहकारी संस्थाको ३१औं वार्षिक साधारण सभा अन्तर्गत अजिमा पार्टी महलमा भएको कार्यक्रममा संस्थाका अध्यक्ष रूद्रनारायण लाखाले ३१ जनाबाट शुरू भएको सिद्धि गणेशमा हाल १७ हजार ६ सय सदस्य पुगेकोमा खुशी प्रकट गर्नुभयो। विगतमा साधारणसभामा उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणीलाई सम्मान गर्दै आएको मा अहिले राष्ट्रिय सहकारी प्राधिकरणले कुनै पनि किसिमको उपहार, सम्मान, भोजभतेर र परिवहन खर्च नदिनु भनेकाले सोहीअनुरूप साधारणसभा मितव्ययितापूर्वक सम्पन्न गरेको जानकारी दिनुभयो।

सहकारीका कोषाध्यक्ष जयराम गोर्खालीले बदलिंदो परिस्थिति र लगानीमा भएको कमीले गर्दा ७ करोड ८७ लाख नाफा कमाउने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०८१/८२ मा ४ करोड ६४ लाख ३२ हजार रूपैयाँ मात्र नाफा आर्जन भएको जानकारी दिनुभयो। यसवर्ष खुद नाफा लक्ष्यभन्दा धेरै कम हुनुमा ऋण नोक्सानी व्यवस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम ऋण नोक्सानी व्यवस्थामा १ करोड ६९ लाख ७ हजार व्यवस्था गर्नुपरेका कारणले पनि भएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा सञ्चालक राजन लाखाले ३ वटा क्षेत्रगत साधारणसभाले १० -१० जना सदस्यहरूलाई निर्णय प्रमाणिकरण गर्ने व्यक्तिको रूपमा चयन गरेको जानकारी दिनुभयो।

संस्थाका सञ्चालक रत्नशवरी चवालले सचिवको प्रतिवेदन पेश गर्दै संस्थाको शेयर पुँजी २६ करोड २५ लाख ४५ हजार रूपैयाँ बचत तथा निक्षेप २ अर्ब ६४ करोड २० लाख ५६ हजार, जगेडा कोष २७ करोड ५८ लाख ४५ हजार, सदस्य ऋण लगानी १ अर्ब ८२ करोड ६८ लाख २३ हजार गरी कुल ३ अर्ब २६ करोड ३१ लाख ४३ हजारको सम्पत्ति रहेको विवरण पेश गर्नुभयो। लेखा समितिका संयोजक रामप्रसाद लाखाजुले सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

संस्थाको क्षेत्र नं ५ र ६ को साधारणसभा महेश्वरी बैक्वेट थुसाचामा सम्पन्न भयो। साधारणसभामा उपाध्यक्ष विष्णुराम दुमरूले सरकारमा बसेकाहरूको राम्रो सुझबुझ नभएका कारण सहकारी संस्थाहरू समस्यामा पर्दै आएको बताउनुभयो। सहकारी संस्थाहरूलाई व्यवस्थित गर्ने नाममा देशभरका सहकारी संस्थाहरूलाई एउटा नियम लागू गर्न खोज्नु उपयुक्त नभएको उहाँको भनाई थियो। उहाँले खर्च कटौतीको नाममा हालसालै सहकारी बाहिरका अतिथिहरू ल्याएर साधारणसभा गर्न नपाउने वन्दोवस्त गर्नु पनि उचित नभएको बताउनुभयो। यसो हुँदा विज्ञका कुराहरू सुन्न नपाउने भई ज्ञानको दायरा खुम्चित गएको उहाँले बताउनुभयो।

साधारणसभामा संस्थाका पूर्व अध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खालीले स्थानीयले चलाएको सहकारी भाग्न सक्दैन भन्नुहुँदै त्यस्ता सहकारीमा रकम जम्मा गर्न डराउनु नपर्ने बताउनुभयो। साधारणसभामा सञ्चालकहरू रामचन्द्र दुमरू, राधेश्याम सैंजू, सपना कवांलगायतले पनि बोल्नुभएको थियो।

सिद्धि गणेश सहकारी संस्थाको ३१औं वार्षिक साधारण सभा अन्तर्गत कमलविनायक स्टार बैंक्वेटमा क्षेत्र नं. ३ र ४ को संस्थाका सचिव विष्णु प्रसाद दुमरूको सभापतित्वमा कार्यक्रम सम्पन्न गरी १० बुँदे निर्णयसमेत पारित गरेको छ। सभापति एवम् सचिव विष्णु प्रसाद दुमरूले सिद्धि गणेश सहकारी संस्थाले अन्य सहकारीभन्दा बढी भरपर्दो र पारदर्शी ढंगले काम गर्दै आएको बताउनुभयो।

कार्यक्रममा पूर्व अध्यक्ष तथा बचत उपसमितिका संयोजक कृष्ण गोविन्द लाखाजुले आव २०८१/८२ को आर्थिक प्रगति प्रतिवेदन र आव २०८२/८३ को अनुमानित बजेट प्रस्तुत गरेका थिए। उहाँले गत आवमा शेयरअन्तर्गत ७२ लाख १५ हजार ५ सय रूपैयाँ कमी आएको उल्लेख गर्दै, उपयोग सम्पत्ति तर्फ १३ करोड ५० लाख रूपैयाँ छुट्याइएको जानकारी दिनुभयो। साथै, १७ हजार शेयर बाँकी रहेकाले आवश्यक परे थप शेयर निकाल्न सकिने जानकारी दिनुभयो।

संचालक समितिका सदस्य तुल्सिदास दुमरूले आ.व २०८१/८२ को प्रगति प्रतिवेदन र आव २०८२/८३ का प्रस्तावित कार्यक्रम प्रस्तुत गर्नुभयो। उहाँले सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाको पालना, नीतिगत संशोधन तथा आगामी गतिविधिहरूबारे स्पष्ट पार्नुभयो।

कार्यक्रममा लेखा समितिका सदस्य हेरा ख्याजुले सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

उक्त कर्यक्रम संस्थाका सञ्चालक सदस्य रमेश दुमरूले सञ्चालन गर्नु भएको थियो।

# आ.व.२०८२/८३ को अर्ध वार्षिक प्रगति समिक्षा तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम

२४ माघ, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिको आयोजनामा आ.व. २०८२/०८३ को अर्ध–वार्षिक प्रगति समिक्षा बैठक तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम कमलविनायक–१०, भक्तपुरमा सम्पन्न भयो ।



कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले सम्पत्ति शुद्धीकरण निवारण र संस्थाको लक्ष्य र वर्तमान प्राप्ति बीचको अन्तर केलाएर लक्ष्य प्राप्तिका लागि कार्य योजना बनाउने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । उहाँले संस्थामा ऋण लगानी कम भएको अवस्थामा समयानुसार संस्थाको ऋण नीति परिमार्जन गर्दै साना किस्ताबन्दी ऋणहरूलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष लाखाले संस्थाको विनियमको पालना गरी अघि बढ्नुपर्ने भन्नुहुँदै लेखा सुपरिवेक्षण समितिले संस्थाको विनियमको पालना गरी आन्तरकि लेखा परिक्षण र आवश्यक सुझाव प्रदान गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णु राम दुमरूले देशको वर्तमान आर्थिक परिस्थितिमा संस्थाले स्थिरतालाई प्राथमिकता दिई अघि बढ्नुपर्ने बताउँदै समिक्षा बैठकमा संस्थाका चुनौतीहरूको विस्तृत छलफल हुनुपर्ने आवश्यकता औल्याउँनुभयो । उहाँले सदस्यहरू पहिचान गर्न सत प्रतिशत सदस्यहरूलाई अनिवार्य रूपमा सदस्य पहिचान (KYM) फारम अद्यावधिक गराउन कर्मचारीहरूले पहल गर्नुपर्ने बताउनुभयो । उहाँले हालै सहकारी संस्थामा आएको अनुगमनको क्रममा र नेफ्स्कूनको स्थलगत निरिक्षणको क्रममा दिएका सुझावहरूलाई कार्यान्वयन गरी अघि बढ्न जोड दिनुभयो ।

कार्यक्रममा संस्थाका सचिव विष्णु प्रसाद दुमरूले संस्थाको प्रगति विवरण प्रस्तुत गर्नुहुँदै संस्थाको समिति तथा उपसमितिको आयोजनामा सम्पन्न विभिन्न कार्यक्रमहरूको जानकारी दिनुभयो । उहाँले संस्थामा समयानुसार विभिन्न नीतिहरू परिमार्जन हुँदै आएको बताउँदै २०८२ माघ ७ गतेको सञ्चालक समितिको निर्णयानुसार हाललाई संस्थाबाट ५० लाख सम्मको किस्ताबन्दी ऋण सुविधा प्रदान गरिने जानकारी दिनुभयो । उहाँले संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता हुने प्रकृया सम्पन्न भएको बताउँदै सेवा सदुप्रयोगलाई मध्यनजर गरी संस्थाबाट उपलब्ध एस.सि.टी. (ATM)सेवालाई बन्द गरिएको जानकारी दिनुभयो ।

संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक राम प्रसाद लाखाजुले संस्थाको लक्ष्य र कार्य सम्पादनको तुलना गरी लक्ष्य प्राप्तीका लागि समिक्षा बैठक आवश्यक रहेको भन्नुहुँदै संस्थाको त्रैमासिक प्रगति समिक्षमा छलफल गरिएका विषयहरू सम्बन्धी निर्णय र कार्यान्वयन भए नभएको विवरण समेत बैठकमा समावेश गरिनुपर्नेमा बताउनुभयो । उहाँले सञ्चालक समितिमा रहेका हरेक सदस्यहरूलाई विभिन्न संघ संस्थाले आयोजना गरेका तालिम र गोष्ठीहरूमा संस्थाको प्रतिनिधित्व गर्न पाउने समान अवसरहरू प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

सम्पत्ति शुद्धीकरण सम्बन्धी अभिमुखिकारण कार्यक्रम सहजिकरण गर्नुभएका सहकारी विभागका शाखा अधिकृत तिलक राम पोखरेलले गैर कानूनी तवरले आय गरेको सम्पत्तिलाई कानूनी रूपमा बैध बनाउने प्रकृया नै सम्पत्ति शुद्धीकरण गर्नु हो भन्नुभयो । उहाँले अबैध सम्पत्ति शुद्धीकरण गर्न सो सम्पत्तिलाई विभिन्न क्षेत्रमा छरिएर राखिने भएकोले आर्थिक कारोवार गर्ने जुनै पनि क्षेत्रमा सम्पत्ति शुद्धीकरणको जोखिम हुने उल्लेख गर्नुभयो । साथै मौद्रिक कारोवार मात्र नभई डिजिटल आर्थिक कारोवारमा समेत सो जोखिम हुने भएकोले संस्थाको डिजिटल कारोवारहरूमा पनि सुक्ष्म निगरानी राख्नुपर्ने आवश्यकता औल्याउँनुभयो ।

उहाँले सम्पत्ति शुद्धीकरणले समाजमा अस्थिरता र अशान्ति श्रृजना गर्ने हुँदा सोको निवारणको लागि नीति र कार्यविधिहरू बनाई कडा कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले GOAML सफ्टवेरबारे जानकारी दिनुहुँदै सो सफ्टवेरको माध्यमबाट नेपाल राष्ट्रिय बैकको वित्तीय एकाइमा सिमा कारोवार र शंकास्पद कारोवारको जानकारी गराए सम्पत्ति शुद्धीकरण निवारण गर्न टेवा पुग्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले सहकारी संस्थाले कुल जोखिम भारित सम्पत्तिको न्यूनतम ८ प्रतिशत पुँजी कोष अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेको उल्लेख गर्नुहुँदै संस्थामा न्यूनतम पुँजीकोष कायम नभए सम्म लाभाशं घोषणा तथा वितरण गर्न नपाईन जानकारी दिनुभयो ।

**ज्येष्ठ सदस्य सम्मानित.............(पृष्ठ १ बाट)**

सेवाहरूबारे सल्लाह सुझावहरू प्रदान गर्नुपर्ने आवश्यकता औल्याउँदै सो सेवाहरू सुविधाहरूबारे आएका गुनासोहरूको सुधार गर्दै ख्वप अस्पताललाई राम्रो बनाउँदै लगेको बताउनुभयो । उहाँले आजका आमा बुबा दुबै आफ्नो रोजगारीका कारण ब्यस्त रहने हुँदा नयाँ पुस्तालाई आफ्नो मातृभाषा र असल व्यवहार परिवारका ज्येष्ठ सदस्यहरूले सिकाउन अनुरोध गर्नुभयो ।

उहाँले विगतका सरकारमाहरूले राम्रो काम नगरेको कारण हाल नयाँ प्रधानमन्त्री आएको उल्लेख गर्दै जनतामा हाल आएको नयाँ सरकारले देशलाई कुन दिशा तिर लग्छ भन्ने अन्योल रहेको बताउनुभयो ।

कार्यक्रमका अतिथि डा. रत्नसुन्दर लासिवाले सहभागी ज्येष्ठ सदस्यहरूलाई स्वास्थ्य हेरविचारका विभिन्न पक्षहरूबारे जानकारी दिनुहुँदै निरोगी बन्नका लागि उचित खानपान संगै शारिरीक व्यायाम र खुशी हुन पनि त्यति नै जरूरी रहेको बारेमा जानकारी गराउनु भयो । डा. लासिवाले हाल धिलो विवाह (Late marriage) गर्ने कारणले महिलाहरूमा गर्वधारण गर्न समस्याहरू देखा परेको बताउँदै धिलो गर्वधारणले बच्चाहरूमा डाउन सिन्ड्रोमहरू र अटिजमको समस्याहरू हुने सम्भावना बृद्धि हुने जानकारी दिनुभयो । उहाँले महिलाले धिलो विवाह गर्नुको कारण मध्य विवाह पश्चात उच्च शिक्षा हासिल गर्न कठिन भएको हुनाले हो भन्नुहुँदै हरेक परिवारमा छोरी मात्र नभई बुहारीलाई पनि उच्च शिक्षा प्रदान गर्न प्रोत्साहन गर्नुपर्ने आवश्यकता औल्याउनुभयो ।

उहाँले सिद्धि गणेश साकोसबाट निरन्तर रूपमा भई रहेको ज्येष्ठ सदस्य सम्मान कार्यक्रम सरानिय रहेको र संस्थाबाट सञ्चालित सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट नियमित जनरल, दन्त, फिजियोथेरापी एवं मुटुरोग सम्बन्धी स्वास्थ्य सेवाहरू प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

संस्थाका अध्यक्ष रूद्रनारायण लाखाले ३२ वर्षको अन्तरलमा सदस्यहरूलाई अरू वितीय संस्थाहरूमा जान नपर्ने गरी सर्वोत्कृष्ट वित्तीय समाधान गर्ने संस्थाको ध्ययका साथ संस्था अघि बढि रहेको बताउनुभयो । उहाँले संस्था आर्थिक क्रियाकलापमा मात्र सिमित नभई विभिन्न सामाजिक क्रियाकलापहरूमा आबद्ध रहेको उल्लेख गर्नुहुँदै संस्थाबाट विभिन्न सिपमूलक तालिमहरू पनि आयोजना गर्दै आएको बताउनुभयो । उहाँले संस्थाको सामुदायिक विकास कोषको रकम भक्तपुर नगरपालिकासंग समन्वय गरी मुलुक भरका जनताको हितका लागि उपयोग गर्दै आएको उल्लेख गर्नुभयो । हाल सहकारीमा नयाँ नीति नियम तथा निर्देशनहरू जारी हुने र सोको परिपालना गर्नुपर्ने विभिन्न कारणहरूले गर्दा सदस्यलाई सेवा दिन तत्पर भएता पनि सोही नीति, नियम बाधक बनेको उल्लेख गर्नुभयो ।

अध्यक्ष लाखाले संस्थाबाट उद्यमशिलतालाई प्राथमिकता दिई सुरक्षित ऋण लगानी गर्दै आएको हुनाले संस्था सुरक्षित रहेको बताउनुभयो । उहाँले संस्थाको ऋण असुलीले लाभाशंमा प्रत्यक्ष असर गर्ने बताउँदै ऋण सुरक्षण कोष व्यवस्था गर्नुपर्ने भएकोले गत आर्थिक वर्षको लाभाशं प्रतिशत कम भएको जानकारी दिनुभयो ।

संस्थाका उपाध्यक्ष विष्णु राम दुमरूले परिवार, छरछिमेकमा सल्लाह नगरी खराब सहकारी संस्थामा बचत गर्दा धेरै ज्येष्ठ नागरिकहरूको बचत डुबेको उल्लेख गर्नुहुँदै फेरी पनि सहकारीबारे पूर्ण जानकारी नलिई बचत गरे फेरी पनि बचत डुब्ने बताउनुभयो । उहाँले संस्थाबाट सदस्यहरूलाई निरन्तर रूपमा विभिन्न सिपमूलक एवं आयमूलक तालिमहरू प्रदान गरी आर्थिक अवसरहरू श्रृजना गर्दै आएको बताउनुभयो । उहाँले संस्थाबाट सुरक्षित ऋण लगानी भई रहेको कारण संस्था सुरक्षित रहेको र सदस्यहरूको बचतको जिम्मेवारी संस्थाका सञ्चालकहरूले लिन सक्ने उल्लेख गर्नुभयो ।

संस्थाका सचिव विष्णु प्रसाद दुमरूले कार्यक्रम सञ्चालन गर्नुहुँदै नयाँ पुस्तामा धर्यताको कमीको कारण भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालबाट प्रवाह भएका स्वास्थ्य सेवाहरू राम्रो हुँदा हुदै पनि गुनासो रहने गरेको बताउनुभयो ।

संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले २०८२ फागुन मसान्त सम्म संस्थामा २५ करोड ४३ लाख शेयर पूँजी, २७ करोड ५८ लाख जगेडा कोष, २ अर्ब ७० करोड ८ लाख कूल बचत, १ अर्ब ९४ करोड ६२ लाख र ३ अर्ब ३७ करोड १ लाख कूल सम्पत्ति रहेको जानकारी दिनुभयो जसमा ५३ करोड बचत ज्येष्ठ सदस्यहरूको रहेको बताउनुभयो ।

संस्थका व्यवस्थापक शिला गोसाईले ज्येष्ठ सदस्यहरूलाई कुनै पनि कागजात सहि गर्नु पूर्व वा पैसाको कारोबार गर्नु पूर्व परिवारमा सल्लाह गरी कागजात राम्ररी अध्ययन गरी मात्र कारोबार गर्न सचेत गर्नुभयो । उहाँले ज्येष्ठ सदस्यहरूले आफ्नो हकवाला राख्ने विषयमा प्रस्ट हुनुपर्नेमा जोड दिनुभयो ।

सो कार्यक्रममा ज्येष्ठ सदस्यहरूको निशुल्क मुटुरोगको उपचार लगायत जनरल स्वास्थ्य परीक्षण गरी निःशूल्क औषधी वितरण पनि गरिएको थियो ।


**के तपाईले सदस्य पहिचान फारम(KYM) अद्यावधिक गर्नुभयो ?**

कृपया सम्पूर्ण सदस्य महानुभावहरूमा संस्थाले उपलब्ध गराएको **KYM** फारम वा संस्थाको वेभसाईटमा गई **KYM** फारम डाउनलोड गरी आफ्नो सम्पूर्ण विवरणहरू भरी संस्थामा बुझाई आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गराउन हुन हार्दिक अनुरोध गर्दछौं ।

# अन्तर विद्यालय/सहकारी हाजिरीजवाफ प्रतियोगिता

१२ पुस, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवसको अवसरमा शिक्षा उप-समितिको आयोजनामा अन्तर विद्यालय/सहकारी हाजिरी जवाफ प्रतियोगिता सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिका वडा नं ७ का वडाध्यक्ष उकेश कवांले हाजिरी जवाफ प्रतियोगिताले देशको इतिहास, समसामयिक विषयहरू तथा सामान्य ज्ञानको ज्ञान प्रदान गरी विद्यार्थीहरूको व्यक्तित्व विकासमा टेवा पुऱ्याउने बताउनुभयो साथै प्रतियोगिताले सहकारी संस्थाका बाल बचतकर्ताहरूलाई सहकारीबारे सुसूचित गर्ने उल्लेख गर्नुभयो ।




उहाँलदेशका शासक दलका नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थ पुरा गर्न नातावाद क्रिपावाद गरी राष्ट्रका नीतिहरू परिमार्जन गर्नाले युवाहरूमाभ समान अवसरहरू प्रदान नगर्नाले देशका युवाहरू विदेशिनु परेको अवस्था प्रति चिन्ता व्यक्त गर्नुभयो । साथै देशको लिएको ऋण र जनताबाट उठाएको करको सदुपयोग नहुनु देश विकास नहुनुको मुख्य कारण रहेको बताउनुभयो । उहाँले युवाहरू माभ समान अवसरहरू प्रदान गर्न राज्यबाट समान शैक्षिक अवसर प्रदान गर्नुपर्ने आवश्यकता औल्याउँनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले प्रतियोगिताले सहकारी सम्बन्धी ज्ञान प्रदान गर्ने उल्लेख गर्नुभयो । उहाँले समाजमा समुदायमा आधारित र पूँजी संकलन गर्ने दुई प्रकारका सहकारीहरू रहेको उल्लेख गर्दै पूँजीवादी सहकारी संस्थामा कारोवार गर्दा आफ्नो बचत सुरक्षित नहुने बताउनुभयो । उहाँले संस्थाको ३२औं स्थापना दिवसको अवसरमा आयोजना भएका विभिन्न कार्यक्रहरूबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष एवं सञ्चालक सदस्य कृष्ण गोविन्द लाखाले समान उद्देश्यका साथ समाजिक र आर्थिक विकासका निम्ति कार्य गर्ने न्यून आय भएको समूह नै सहकारी संस्था रहेको बताउनुभयो । उहाँले सानै उमेर देखि नै सहकारीबारे चेतना प्रदान गर्दै जानुपर्ने आवश्यकता औल्याउँनु हुँदै हाजिरी जवाफ प्रतियोगिता सहकारी सिद्धान्तको पाँचौं सिद्धान्त अनुसार शिक्षा, तालिम र सूचना अन्तरगतको रहेको बताउँनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई र उपसमितिका सदस्य रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो । १२ वटा समूहले सहभागिता जनाएको उक्त प्रतियोगितामा २५५ अंक सहित बासु मा. वि प्रथम, २४० अंक सहित वागिश्वरी मा. वि दोस्रो, २१० अंक सहित भक्तपुर साकोस तेस्रो र १५० अंक सहित ख्वप्रिङ्ग इङ्गलिस एकेडेमीले सान्त्वना स्थान हासिल गर्न सफल भएका थिए ।






# जानकारी एवं भेटघाट कार्यक्रम

पुस १५, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवसको अवसरमा ऋण उपसमितिको आयोजनामा ऋणी तथा सदस्यहरूलाई संस्थाको परिवर्तित ऋण नीति सम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले समुदाय र सदस्यहरूको विकासका निम्ति निरन्तर कार्य गर्दै आएको यस संस्था, ३२औं वर्षमा प्रवेश हुने उल्लेख गर्नुहुँदै संस्थाको स्थापना दिवसको अवसरमा विभिन्न उप-समितिहरूद्वारा आयोजित कार्यक्रमहरूको जानकारी दिनुभयो । उहाँले सहकारी संस्थाहरू आर्थिक नाफा मात्र नभई सदस्यहरूको सामाजिक र शैक्षिक विकासमा पनि ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले सदस्यहरूको स्वास्थ्यको ख्याल गरी मुटुरोग, क्यान्सर जस्ता जटिल रोगहरूको लागि आर्थिक सहयोग उपलब्ध गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले समुदायमा आधारित नभएका संस्थाहरू समस्यामा पर्ने भन्नुहुँदै आफुले कारोवार गर्ने संस्थाबारे जानकार भए आफ्नो बचत सुरक्षित रहने बताउनुभयो । साथै संस्थाका हरेक सदस्यहरू पहिचान गर्न सदस्यहरूलाई सदस्य पहिचान फारम अद्यावधिक गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले मंसिर मसान्त सम्म संस्थाको कूल सम्पत्ति ३ अर्ब ३८ करोड ९६ लाख ५२ हजार रहेकोमा १ अर्ब ८८ करोड ५९ लाख ८५ हजार मात्र ऋण लगानी हुदै आएको जानकारी दिनुभयो । उहाँले कम ऋण लगानी भएको कारणले संस्थाबाट प्रदान गरिने लाभांश प्रतिशतमा पनि प्रभाव पर्ने बताउनुभयो । उहाँले हाल टोल टोलमा देखा परेका बचत समूहहरूको कारणले पनि संस्थाको ऋण प्रवाहमा कमि आएको चर्चा गर्नुहुँदै सुरक्षित ऋण कारोवारको लागि सदस्यहरूलाई संस्थाको ऋण उपभोग गर्न झन्झट नमान्न आग्रह गर्नुभयो । साथै संस्था, सदस्य र समुदायको विकासका निम्ति संस्थामा अनुसन्धान र विकास शाखाको आवश्यकता रहेको बताउनुभयो ।


कार्यक्रमका सभापति संस्थका सञ्चालक सदस्य एवं ऋण उपसमिति संयोजक रामचन्द्र दुमरूले संस्थाको ऋण नीतिमा भएका परिवर्तनबारे जानकारी दिनुहँदै संस्थाको सम्पूर्ण सदस्यहरू साधारण सभामा उपस्थित भई उचित सुझावहरू दिनुका साथै संस्थाले गलत कार्य गरेको अवस्थामा सचेत समेत गर्नुपर्ने आवश्यकता औल्याउँनुभयो । उहाँले संस्थाबाट आयोजित कार्यक्रमहरूमा सहभागी हुँदा संस्थाबारे जानकारी पाउनुका साथै विभिन्न सेवा सुविधाहरू पनि




उपभोग गर्न पाउने बताउनुभयो ।

संयोजक दुमरूले नीति नियम पालना गर्ने सहकारी संस्था सुरक्षित रहने बताउँदै आफ्नो आर्थिक कारोवार नीति नियम पालना गर्ने संस्थाहरूमा मात्र गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले हाल वित्तीय क्षेत्रहरूमा तरलता बढि रहेको अवस्था रहेको जानकारी दिनुहुँदै विगत वर्षमा भएका भुकम्प, कोभिड महामारी, अविरल वर्ष, आन्दोलन जस्ता कारणहरूले देशका व्यवसायिहरू प्रभावित भई भाखा नाघेको ऋणको संख्या बढ्दै आएको उल्लेख गर्नुभयो । उहाँले तरलताको प्रतिशत व्यवस्था गर्न बचतमा पाउने व्याजको प्रतिशत घट्दै आएको बताउँदै कर्जा सूचना केन्द्र तथा कर्जा असुली न्यायधिकरणबारे जानकारी दिनुभयो । कार्यक्रममा उपसमितिका सचिव प्रकाश खाईजुले पनि बोल्नुभएको थियो ।



# फिडे रेपिड रेटिङ्ग २००० मुनि बुद्धिचाल प्रतियोगिता




पुस १९, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को युवा उपसमितिको आयोजना तथा भक्तपुर नगरपालिका वडा नं ७ का वडाध्यक्ष उकेश कवांज्यूको प्रमुख आतिथ्यमा सिद्धि गणेश साकोस खुल्ला फिडे रेपिड रेटिङ्ग २००० मुनि बुद्धिचाल प्रतियोगिता सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वडा नं ७ का वडाध्यक्ष उकेश कवांले नेपालका कुनै पनि खेल विवाद रहित नरहेको उल्लेख गर्नुहुँदै वर्तमान अवस्थामा क्रिकेट खेल अरू खेल भन्दा केहि अघि बढेको बताउनुभयो । उहाँले खेल सम्बन्धी नीतिहरू उत्कृष्ट रहेको तर ती नीतिहरूको कार्यान्वयन फितलो रहेको बताउनुभयो ।

उहाँले सरकारमा रहेका नेताहरूले विदेशीहरूको चलखेल अनुरूप देशका नीति निर्माण गर्ने गरेको बताउँदै नेपाल देश अरू राष्ट्रहरूको लागि एक चेसको बोर्ड जस्तै हुदै गएको उल्लेख गर्नुभयो । उहाँले ती नेताहरूले जनताबाट उठेको करको उचित सदुपयोग नगरी देशलाई खरबौं खरबको ऋणको भारी बोकाई देशका प्राकृतिक श्रोतहरूको सदुपयोग तर्फ कुनै ध्यान नरहेको प्रति चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले यस संस्था बचत तथा ऋण सहकारी संस्था भएता पनि स्थापनाकाल देखि नै संस्था सामाजिक क्रियाकलापहरूमा सक्रिय रहेको बताउनुभयो । उहाँले समाजलाई विकास गर्ने सहकारीको विकास सहजै हुँदै जाने तर समुदायको चासो नराख्ने पैसा मात्र संकलन गर्न स्थापना भएका सहकारीहरू समस्यामा पर्दै जाने उल्लेख गर्नुभयो । उहाँले समस्यामा पर्ने सहकारी संस्थाहरूले अनावश्यक खर्चहरू गरी कार्यालय भव्य बनाउने तर सहकारी सञ्चालन गर्न समस्या हुने बताउनुभयो । उहाँले असफलताबाट हार मान्न नहुने भन्नुहुँदै निरन्तर परिश्रम गर्दा भविष्यमा अवश्य सफलता मिल्ने बताउनुभयो ।

कार्यक्रमका सभापति संस्थाका उपाध्यक्ष एवं उपसमितिका संयोजक विष्णु राम दुमरूले विगतमा पनि संस्थाबाट विभिन्न खेल प्रतियोगिताहरू आयोजना गर्दै आएको जानकारी दिनुहुदै खुल्ला चेस प्रतियोगिता पहिलो पटक संस्थाबाट आयोजित भएको भन्नुभयो जसमा नेपालका विभिन्न ३१ वटा जिल्लाका सहभागी रहनुका साथै अन्तराष्ट्रिय खेलाडीहरू पनि सहभागी रहेको जानकारी दिनुभयो ।

उहाँले चेस खेलको बोर्ड एक युद्धको कुतनीतिक मैदान जस्तै रहेको अनुभव भएको उल्लेख गर्नुहुँदै चेस खेलले खेलाडीहरूलाई कुनीतिक सोच विकास गर्न मद्दत गर्ने बताउनुभयो । उहँले ३१ जना युवाहरूको अगुवाईमा स्थापना भएको यस संस्था ३२औं वर्षमा रहेको बताउँदै हाल संस्थामा शेयर सदस्य, बाल बचतकर्ता तथा ज्येष्ठ सदस्य सहित २० हजार भन्दा बढि बचतकर्ता आवद्ध रहेको जानकारी दिनुभयो । साथै संस्थाको कुल सम्पति ३ अर्व ३८ करोडको रहेको बताउनुभयो ।

उहाँले सहकारी संस्थाहरू समुदायमा आधारित भई समुदायको विकासको उद्देश्यका साथ अघि बढेको भए वर्तमान अवस्थामा जस्तै सहकारी संस्थाहरू बदनाम नहुने चर्चा गर्नुभयो । उहाँले राष्ट्रको नाम विश्वमा परिचित गर्ने नै खेलाडी रहेको उल्लेख गर्नुहुँदै सहभागी सम्पूर्ण खेलाडीहरूको थप प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो ।

चेस प्रतियोगितामा क्रमश अभिक श्रेष्ठ प्रथम, सुमन लामा दोस्रो, राजिव कार्की तेस्रो, शैलेन्द्र न्योपाने चौथो, भगवती प्रसाद शर्मा पाचौं, सविन चन्द्र घिमिरे छैठौं, विक्रम चोकमी सातौं, नविन कुमार चौधरी आठौं, सुजन काफ्ले नवौं, केशव श्रेष्ठ दशौं हुन सफल भएका थिए भने **Best local** गणेशमान दुवाल, **Best below 1900** हर्क बहादुर चोङ्वाङ, **Best below1800** सोम आले, **Best below 1700** हिमाल तामाङ, **Best veteran** नविन तन्दुकार, **Best Unrated** सिवेश कुमार शाह, **Best u 16** प्रत्युस श्रेष्ठ, **Best woman** यश्वसी शर्मा बन्न सफल भएका थिए जसलाई नेपालका ३ पटक चेस च्याम्पियन बद्रिलाल नेपालीले पुरस्कार वितरण गर्नु भएका थिए ।

कार्यक्रममा अन्तराष्ट्रिय आर्विटर ज्ञानेन्द्र खाईजु, संस्थाका व्यवस्थापक शिला गोसाई तथा उपसमितिका सचिव जसतारा कोजुले पनि बोल्नुभएको थियो ।



## बचत र ए.आई सम्बन्धी जानकारीमूलक कार्यक्रम




पुस १०, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवसको अवसरमा संस्थाको बचत उपसमितिको आयोजनामा बचत र ए.आई सम्बन्धी जानकारीमूलक कार्यक्रम सिद्धि गणेश तालिम हल खँचामा सम्पन्न भयो ।

कार्यक्रमका अतिथि नेपाल क्रान्तिकारी युवा संघका अध्यक्ष मिनबहादुर बाटाले ए.आई प्रविधिको सकारात्मक र नकारात्मक दुवै पक्ष हुने बताउँदै ए.आईको राम्रा पक्षहरूको मात्र उपयोग गर्नुपर्ने बताउनुभयो । उहाँले विगतमा प्रत्यक्ष युद्धहरू हुने गरेकोमा हाल देशहरूबीच प्रविधिको प्रयोग गरी अप्रत्यक्ष युद्ध बढि हुने गरेको जानकारी दिनुभयो ।

उहाँले युवा पुस्तालाई राजनीतिक चेतना प्रदान गर्नुपर्ने आजको आवश्यकता रहेको भन्नुहुँदै गत भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनमा नेपाली युवाहरूको भावनालाई प्रयोग गरी विदेशीहरूले त्यसको फाइदा उठाएको तथ्य विस्तारै खुल्दै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद नारायण लाखाले सदस्यहरूलाई प्रविधिबारे सुसूचित गर्ने उद्देश्यले कार्यक्रम आयोजना भएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक कृष्ण गोविन्द लाखाले हाल सहकारी संस्थाहरूमा आएको समस्याबारे चर्चा गर्नुहुँदै सहकारी संस्थाका सञ्चालकहरूले व्यक्तिगत फाइदामा भन्दा सदस्यको सेवा र विकासमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले समाज उत्थानका लागि सभ्य सहकारी प्रणाली र समाजवादी व्यवस्थाको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमका प्रशिक्षक सिनियर सफ्टवेर डेभ्लोपर गोपाल किसीले प्रविधि सम्बन्धी जानकारी लिन ढिलो गरे समाजमा आफू पछि पर्ने बताउँदै प्रविधिलाई अत्यावधिक गरी अघि बढे मात्र जिवनमा सफल बन्ने बताउनुभयो । उहाँले कार्यक्रममा ए.आई प्रविधिको प्रयोगबाट गर्न सकिने विभिन्न क्रियाकलापहरूको प्रयोगयात्मक अभ्यासबाट प्रस्तुतीकरण गर्नु भएको थियो । उहाँले ए.आई प्रविधि हाम्रो दैनिक कार्यहरूमा समेत प्रयोग हुने बताउँदै डिप फेक जस्ता ए.आई प्रविधिको दुरूप्रयोगले हाल समाजमा विकृति फैलीदै गएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई, उपसमितिका सचिव चिरी मैया लाखाजु तथा उपसमिति सदस्य सुन्दर मानन्धरले पनि बोल्नुभएको थियो ।

**३२औं स्थापना दिवस**.............**(पृष्ठ ७ बाट)**

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले संस्थाको वित्तीय जानकारी दिनुहुँदै संस्थाबाट सदस्यहरूको सुझाव अनुसार विभिन्न तालिमहरूको आयोजान गर्दै आएको र ती तालिम मार्फत सदस्यहरूको आर्थिक स्तर उकास्न टेवा पुर्‍याएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खालीले सहकारी संस्थाको उद्देश्य न्यून आय भएका सदस्यहरूको आर्थिक विकास गर्ने हुनुपर्नेमा हाल सहकारी संस्थाहरूले बैंकले जस्तै आर्थिक कारेवार मात्र गर्दै आएको बताउनुभयो । उहाँले संस्थाका अतिथिहरूले समय समयमा सहकारी संस्था इमानदारिताका साथ सामुदायिक विकासका लागि सञ्चालन गर्न सचेत गर्दै आएकै कारणले संस्था सफल भएको उल्लेख गर्नुभयो ।

उहाँले सदस्यहरूलाई प्रदान गरिएको ऋण सदुपयोगिता जाँच गर्नुपर्ने आवश्यकता औल्याउँदै सहि ठाउँमा मात्र ऋण लगानी गर्नुपर्ने बताउनुभयो । उहाँले संस्थाका सदस्यहरू आफुले पाउने लाभांश र व्याजदर प्रतिमात्र आर्कषित रहि संस्थाबारे चिन्तित नदेखिएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष एवं सञ्चालक सदस्य राजन लाखाजुले न्यून आय भएका सदस्यहरूको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यका साथ संस्थाको स्थापना भएको बताउँदै संस्थामा पाल्नुभएका प्रमुख अतिथि र अग्रजहरूको सुझाव तथा निर्देशनहरूको परिपालना गर्दै पारदर्शीता र लगनशीलताले कार्य गर्दै आएकोले संस्था सफल भएको उल्लेख गर्नुभयो । उहाँले संस्थाको नीतिनियम, प्रतिनिधिमुलक साधारण सभा र संस्था एकीकरण गरेका राम्रा अभ्यासहरूले माथिल्लो निकायहरूलाई सहकारी सम्बन्धी नीति नियम निर्माण गर्न टेवा पुर्‍याएको बताउनुभयो । उहाँले परिवर्तन हुँदै आएका सहकारी ऐन र नियमहरूबारे सजक र जानकार हुनुपर्नेमा जोड दिनुभयो ।

संस्थाका सचिव विष्णु प्रसाद दुमरूले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा संस्थामा २५ वर्ष अनवरत सेवा गर्नु भएका संस्थाका ऋण अधिकृत राजेश लाखाजुलाई सम्मान गरिएको थियो ।

# मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर

पुस २६, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवसको अवसरमा स्वास्थ्य उपसमितिको आयोजनामा मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर तथा निःशुल्क थाइरोइड परिक्षण कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।




कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले संस्था वित्तीय रूपमा मात्र स्वस्थ भएर नपुग्ने संस्थाका सदस्यहरूलाई पनि स्वस्थ राख्नुपर्ने भन्नुहुँदै संस्थाबाट नियमित स्वास्थ शिविर आयोजना तथा सिद्धि गणेश स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले संस्था नीति, नियम पालना गरी अघि बढि रहेको भन्नुहुँदै संस्थाले निरन्तर सदस्य र समाजको विकासका निम्ति कार्य गर्दै आएको बताउनुभयो । उहाँले सदस्यहरूले आफ्नो अधिकार मात्र नखोजी आफ्नो जिम्मेवारी पनि पुरा गर्नुपर्ने उल्लेख गर्नुहुँदै ऋणी सदस्यहरूले भुक्तानी गरेको साँवा व्याजले संस्थाको नाफा प्रभावित हुने भएकोले समयमै सावाँ व्याज भुक्तनी गर्नुपर्ने आवश्यकता औल्याउँनुभयो ।

कार्यक्रमका अतिथि डा. रत्न सुन्दर लासिवाले न्यून शुल्कमा चिकित्सक सेवा लिन अस्पतालहरूमा बिरामीको भिडको कारणले राम्ररी परामर्श लिन नसकिने बताउँदै यस प्रकारका शिविरहरूमा सो परामर्श सजिलै लिन सकिने उल्लेख गर्नुभयो । उहाँले स्वास्थ्य नै सबै भन्दा ठुलो धन हो भन्नुहुँदै चिकित्सक परामर्शबाट रोगको समयमै पहिचान गरे भविष्यमा त्यस रोगबाट हुने जोखिमबाट बच्न सकिने बताउँनुभयो । उहाँले स्वास्थ्य सम्बन्धी चेतना प्रदान गर्दै जानुपर्ने आवश्यकता औल्याउँदै स्वास्थ्य शिविरले स्वास्थ्य सम्बन्धी चेतना प्रदान गर्न मद्दत् गर्ने हुँदा नियमित रूपमा यस्ता कार्यक्रमहरू आयोजना गर्न जोड दिनुभयो ।

उहाँले चिकित्सकको सल्लाह बिना नै औषधीहरूको सेवनले भविष्यमा विभिन्न स्वास्थ्य समस्या निम्त्याउने भन्नुहुँदै चिकित्सकको सल्लाह बिना ऐन्टिबायोटिक औषधीहरूको प्रयोगले बिरामीको शरिरमा ऐन्टिबायोटिकले कम मात्र असर देखिउन थालेको, जसको कारण बिरामीहरूले कडा कडा औषधीहरू सेवन गर्नु परिरहेको बताउँनुभयो ।

कार्यक्रमका अतिथि मुटुरोग विषेशज्ञ डा. किसन कुमार कुसवाहले काठमाण्डौ उपत्यका अरू जिल्लाहरूको तुलनामा भक्तपुरमा कम मात्र मुटुरोग सम्बन्धी सम्स्याहरू देखा परेको जानकारी दिनुहुँदै हाल पत्रु खानपान र अस्वस्थ जीवनशैलीको कारण युवाहरूमा समेत मुटु सम्बन्धी सम्याहरू देखा परेको प्रति चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले रोग लागे पछि उपचार गर्नु भन्दा रोग लाग्न नदिन रोगबाट बच्ने तरीका सम्बन्धी जानकारी हुनुपर्नेमा जोड दिनुहुँदै सुगर र उच्च रक्तचाप नियन्त्रण गर्न दिनको पहिलो खाना चिनी र नुन विनाको सेवन गर्न सुझाव दिनुभयो । उहाँले सरकारबाट उपलब्ध स्वास्थ्य बिमाले बिरामीको आर्थिक भार कम गर्ने बताउँदै स्वास्थ्य बिमा गर्न अति आवश्यक रहेको बताउनुभयो ।



कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक तुल्सीदास दुमरूले देशमा भएको भुकम्प, कोभिड १९ र विभिन्न आन्दोलनहरू पश्चता देशका ३१% मानिसहरूमा मानसिक समस्याहरू देखा परेको सम्बन्धी जानकारी दिनुभयो । उहाँले कार्यक्रमा उपस्थित सदस्यहरूलाई कार्यक्रमका ज्ञान घर परिवारमा पनि बाढ्न सल्लाह दिनुहुँदै संस्थाबाट न्यून शुल्कमा विभिन्न स्वास्थ्य सेवाहरू सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट प्रवाह गर्दै आएको बताउनुभयो । उहाँले नियमित स्वास्थ्य परिक्षणले रोगको समय मै पहिचान गरी सो रोगको समयमै उपचार गर्न सेकिने बताउनुभयो ।

कार्यक्रममा उपसमितिका सचिव राजेश जाकिवन्जार, सदस्य कृष्ण नारायण दुमरू र संस्थाका व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभएको थियो ।

शिवरमा ७४ जना सदस्यहरूले सेवा उपभोग गर्नुभएको थियो भने निःशुल्क सामान्य औषधी पनि वितरण गरिएको थियो ।

## पुतली बनाउने तालिम




पुस २३, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवसको अवसरमा संस्थाको महिला तथा बालबालिका उपसमितिको आयोजनामा एक हप्ते पुतली(Doll) बनाउने तालिमको समापन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले बचत तथा ऋण कारोवारले मात्र सहकारीको उद्देश्य पुरा नहुने बताउँदै महिला सदस्यहरूलाई उद्यमी बनाउने लक्ष्यका साथ संस्थाबाट विभिन्न सिपमुलक तालिम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले संस्थाका कृषकहरूको लागि संस्थाको स्थापना दिवसको अवसरमा मौसमी बाली सम्बन्धी अभिमुखिकरण कार्यक्रम तथा सदस्यहरूको स्वास्थ्यको लागि मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन हने जानकारी दिनुभयो ।

उहाँले तालिममा सिकेका सिपको सदुपयोग र अभ्यास गरी अरूलाई प्रशिक्षण प्रदान गर्न सके मात्र तालिम सहि मान्यतामा सफल हुने उल्लेख गर्नुभयो । उहाँले संस्थाबाट विगतमा प्रदान गरेका तालिमको सिप सदस्यहरूले कम मात्र सदुपयोग गरेको बताउँदै तालिमको सिपलाई प्रयोग गरी उद्यमी बन्न सहभागी प्रशिक्षार्थीहरूलाई हौसला दिनुभयो । उहाँले आफ्नो बचत सुरक्षित राख्न व्याजको प्रलोभनमा नपरी समुदायमा आधारित सहकारी संस्थामा मात्र बचत गर्न सचेत गर्नुभयो ।

कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक रञ्जना प्रजापतिले संस्थाका बाल बचतकर्ताहरूको व्यक्तित्व विकासका निम्ति नियमित तालिम तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुहुँदै पुलती बनाउने तालिम सदस्यहरूलाई व्यवसाय गर्न प्रोत्साहित गर्ने उद्देश्यले सञ्चालन भएको बताउनुभयो । उहाँले भविष्यमा तालिमको सदुपयोग बारे जानकारी लिन भेटघाट कार्यक्रम आयोजना गरिने बताउँदै तालिमको सदुपयोग गरी प्रशिक्षार्थीहरूलाई व्यवसाय गर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक सुष्मा त्वातीले तालिमको सदुपयोग गरी व्यवसाय गर्न आग्रह गर्नुहँदै व्यवसाय गर्न असमर्थ भए कम से कम उपहार दिन भए पनि सिपको सदुपयोग गर्न बताउँनुभयो । उहाँले तालिमलाई तालिममा मात्र सिमित नराख्न भन्नुहुँदै भविष्यमा कुनै समस्या परे सहयोगको लागि आफु तयार रहेको बताउनुभयो ।

## मानसिक रोग सम्बन्धी परामर्श




भक्तपुर, ५ पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमितिको आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा मानसिक रोग सम्बन्धी परामर्श तथा नि:शुल्क सुगर र रक्तचाप परिक्षण कार्यक्रम सिद्धि गणेश तालिम हल, खचाँमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थका अध्यक्ष रूद्र नारायण लाखाले मानसिक रोग नदेखिने प्रकारको रोग भएको हुनाले यसबारे सदस्यहरूलाई जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले सदस्यहरू स्वस्थ रहे मात्र संस्था स्वस्थ रहने उल्लेख गर्नुहुँदै सदस्यहरूको स्वास्थ्यको निम्ति संस्थाबाट विभिन्न स्वास्थ्य शिविरहरू एवं स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले समस्यामा परेका सहकारी संस्थाको नियमनका लागि जारी भएको निर्देशनहरूले समुदायमा आधारित सहकारी संस्थाहरू र सहकारी क्षेत्र नै संकोचित गर्ने प्रयास भई रहेको चर्चा गर्नुहुँदै सहकारीका सदस्यहरू आफु संलग्न सहकारीबारे जानकार हुनुपर्ने आवश्यकता औंल्याउँनुभयो ।

अध्यक्ष लाखाले संस्थाका बचतकर्ताका साथ साथै ऋणी सदस्यहरूले आफ्नो दायित्व पुरा गरी समयमै ऋणको साँवा व्याज भुक्तानी गरे मात्र संस्था सुरक्षित हुने बताउँदै राष्ट्रिय सहकारी नियमन प्रधिकरणबाट जारी भएका

निर्देशनानुसार ऋण सुरक्षण कोषको व्यवस्थाले संस्थाको कुल नाफामा असर गरी सदस्यहरूले पाउने लाभाशं प्रतिशत प्रभावित भएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति उपसमितिका संयोजक एवं संस्थाका सञ्चालक सदस्य रमेश दुमरूले सदस्यहरूको माग अनुसार कार्यक्रम आयोजना गरिएको भन्नुहुँदै सरकारमा रहेका नेताहरू जनताको सेवा र देश विकासमा भन्दा आफ्नो व्यक्तिगत स्वार्थ पुरा गर्न र भ्रष्टाचार गर्नमा बढि संलग्न रहेको कारणले देशका व्यापार व्यवसाय असफल भई आर्थिक मन्दीको अवस्था श्रृजना भएको प्रति चिन्ता व्यक्त गर्नुभयो । साथै सो अवस्थाका कारणले राष्ट्रको अर्थतन्त्र मात्र प्रवाभित नभई जनताको मानसिक स्थितिमा समेत प्रतिकुल असर पार्दै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका सञ्चालक सदस्य तुल्सी दास दुमरूले आफुमा रहेको रोगको पहिचान गर्न र रोग निवारण गर्न चिकित्सक परामर्शको आवश्यकता हुने उल्लेख गर्नुहुँदै संस्थाबाट सञ्चालित सिद्धि गणेश स्वास्थ्य क्लिनिकमा न्यून शुल्कमा जनरल, डेण्टल, फिजियोथेरापी र मुटुरोग सम्बन्धी सेवाहरू प्रवाह हुँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका मानसिक रोग विशेषज्ञ डा. विवेक न्योपानेले मानसिक रोगका प्रकार, लक्ष्यण र ती रोगका उपचार विधिहरूबारे प्रस्तुतीकरण गर्नुभयो । उहाँले मानसिक रोग भएका व्यक्तिहरूले आ–आफ्नो निजी विचार, अनुभूति वा व्यवहार अनुसार समस्याहरू अनुभव गर्न सक्ने र उनीहरूका सोचाइ, भावना र व्यवहार सबै मिश्रण हुने हुँदा अन्य मानिसहरूसँग उनीहरूका सम्बन्ध, उनीहरूका काम र जीवनका आनन्दसँग सम्बन्धलाई उल्लेखनीय ढङ्गमा हस्तक्षेप गर्ने जानकारी दिनुभयो । उहाँले मानसिक पीडा हुने परिस्थिति, व्यक्ति र परिवार, दुवैका लागि गाह्रो हुने उल्लेख गर्नुहुँदै सो समस्याको समाधानका लागि चिकित्सकको परामर्श लिन लजाउन नहुने बताउनुभयो ।

उहाँले नेपालमा कोभिड १९ को महामारी पश्चात नागरिकहरूमा मानसिक समस्याहरू बढि देखा परेको जानकारी दिनुहुँदै मानसिक रोग सम्बन्धी भएका अनुसन्धानहरूको नतिजाले आगामी ५ वर्षमा नेपालका ३१ प्रतिशत नागरिकहरूमा मानसिक रोगको समस्या देखा पर्नसक्ने सम्भावना रहेको बताउनुभयो । उहाँले व्यक्तिमा निरन्तर १५ दिन सम्म अनियन्त्रित चिन्ता भएको अवस्थामा उनीहरूमा मानसिक रोगको लक्ष्यण हुन सक्ने बताउँदै सो को समयमै परिक्षण र उपचार नगराएमा आत्महत्या जस्तो मानविय क्षति हुने विचार समेत आउने भएकोले समयमै चिकित्सक परामर्श अपनाउन सचेत गर्नुभयो ।

कार्यक्रममा ५० जना सदस्यहरूलाई निःशुल्क सुगर तथा रक्तचाप परिक्षण गिरएको थियो ।

## गुडपाक बनाउने तालिम




पुस १०, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवसको अवसरमा संस्थाको सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखुको आयोजनामा गुडपाक, पुस्तकारी तथा सुत्केरी मसला बनाउने तालिम सिद्धि गणेश तालिम हल खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद नारायण लाखाले ३१ जना युवाहरूले रू ३१०० पूँजीबाट सामाजिक भावना सहित स्थापना भएको यस संस्थामा हाल २१ हजार सदस्य र ३ अर्ब भन्दा बढिको कूल सम्पत्ति रहेको जानकारी दिनुभयो । उहाँले स्थानियद्वारा सञ्चालित सहकारी संस्था सुरक्षित हुने बताउँदै सदस्यहरूको सामाजिक र आर्थिक विकास गर्ने उद्देश्यले संस्थाबाट नियमित सिपमूलक तथा आयमूलक कार्यक्रमहरू आयोजना हुँदै आएको उल्लेख गर्नुभयो । उहाँले सदस्यहरूको सामुहिक सुझावमा संस्थाबाट सदस्यहरूको आवश्यकता अनुसार तालिम सञ्चालन गर्न संस्था सदैव तयार रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक राधेश्याम सैंजुले तालिमबाट सिकेको ज्ञान व्यवहारिक रूपमा उपयोग गर्नुपर्ने आवश्यकता औंल्याउँदै तालिमको सिप प्रयोग गरी व्यवसाय सुरू गर्न प्रोत्साहन गर्नुभयो ।

कार्यक्रमका प्रशिक्षक मनिषा शाखकर्मीले आफुमा भएका सिपहरू आफुमा मात्र राखे बिस्तारै विर्सदै जाने भएकोले आफूमा रहेको सिप अरूलाई सिकाउनु पर्ने बताउनुभयो । उहाँले बाल बालिकाहरू पत्रु मिठाईहरूमा बढि आर्कषित हुने उल्लेख गर्दै बालबालिकाको स्वास्थ्यको निम्ति पनि तालिममा सिकाएको सिप प्रयोग गरी घरमै स्वस्थकर मिठाई बनाउन सकिने बताउनुभयो ।

उहाँले समाज विकासका निम्ति महिला सशक्तिकरणको आवश्यकता हुने बताउँदै थोरै लागतबाट पनि पुस्तकारी, गुडपाकको व्यवसाय घरबाटै सुरू गर्न सकिने उल्लेख गर्नु भयो ।

# कानून सम्बन्धी साक्षरता कार्यक्रम




२४ फागुन, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को लघुवित्त तथा बचत समूह परिचालन उपसमितिको आयोजनामा नारी दिवसको अवसरमा कानून सम्बन्धी साक्षरता कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले बेलायतबाट उपभोक्ता सहकारीको थालनी भएको र बचत तथा ऋण सहकारी संस्थाको थालनी जर्मनबाट भएको जानकारी दिनुभयो । उहाँले सहकारी संस्थाको उद्देश्य बचत तथा ऋण कारोबारमा मात्र नभई सदस्यहरूलाई सचेत गर्ने पनि सहकारी संस्थाहरूको जिम्मेवारी रहेको बताउनुभयो । उहाँले सदस्यहरू यस किसिमका कार्यक्रममा सहभागी हुँदा सहकारी सम्बन्धी कानूनबारे जानकारी हुने बताउँदै शिक्षा मूलक कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सदस्यहरूको विश्वास र संस्थाका सञ्चालक तथा कर्मचारीहरूको इमानदारिताको कारणले संस्था सफल बन्न सकेको उल्लेख गर्नुहुँदै ऋणको साँवा व्याज समयमै भुक्तानी नहुँदा संस्थाको लाभाशंमा प्रत्यक्ष असर गर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका सञ्चालक सदस्य एवं उपसमितिका संयोजक रत्नश्वरी चवालले नारी मुक्ति आन्दोलनकी अभियन्ता क्लारा जेट्किनले सन् १९११ मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषणविरूद्ध आवाज उठाएको दिनको स्मरणमा विश्वभर महिला दिवस मनाउने प्रचलन रहेको बताउनुभयो । उहाँले महिलाले समाजमा आफ्नो अधिकारको लागि आफै लड्नु पर्नेमा जोड दिनुहुँदै देश र समाजबारे सचेतना फैलाउन महिलाको पनि जिम्मेवारी रहने बताउनुभयो । साथै परिवारका महिला शिक्षित भए पुरै परिवार नै शिक्षित बन्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सहजकर्ता अधिवक्ता राजु कैटीले सदस्यहरूलाई शिक्षा प्रदान गर्नु सहकारी सिद्धान्त रहेको तर ९० प्रतिशत सहकारी संस्थाले शिक्षा प्रदान गर्ने कार्य आफ्नो स्वार्थ पुरा गर्न नगरेको उल्लेख गर्नुभयो । नाफाको लागि बचत लगानी गर्न अन्य वित्तीय संस्थामा गर्नुपर्ने, सहकारीमा त सामुदायिक भावना सहित समान आय भएका सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि सहकार्य गर्नुपर्छ, उहाँले भन्नुभयो । उहाँले नगद कारोबारमा भन्दा चेक मार्फत कारोवार गरे कानूनी रूपमा सुरक्षित हुने बताउँदै ५० हजार भन्दा माथिको कारोवार गर्नु परेमा वडाबाट प्रमाणित गरी मात्र कारोवार गर्नुपर्नेमा जोड दिनुभयो । अधिवक्ता कैटीले व्यवसाय सुरू गर्दा पनि कानूनी रूपमा दर्ता गरी मात्र कार्य गर्दा भविष्यमा कानूनी समाधान पाउने बताउनुभयो । उहाँले नेपाली शिक्षा प्रणाली पाठ्यक्रममा मात्र आधारित रहेको कारण जनतामा उद्यमशिलताको चेतनाको कमी रहेको बताउनुभयो ।

कार्यक्रमका सहजकर्ता अधिवक्ता कृति दुमरूले कुनै पनि कागजातमा सहि गर्न पुर्व सो कागजात राम्ररी अध्ययन गरेर मात्र गर्नुपर्ने बताउँदै कूनै पनि उजुरी गर्न अदालतले हद म्याद तोकिने हुँदा समयमै उजुरी दर्ता गरी समस्याको कानूनी समाधान खोज्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले कानून सम्बन्धी केहि जिज्ञासा रहे भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप कलेज अफ ल मा सम्पर्क गरी पनि जानकारी प्राप्त गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले जनता माझ नीति नियमको जानकारी नभएकै कारण भ्रष्टचारीहरूले त्यसबाट फाइदा उठाइ रहेको बताउनुभयो । उहाँले कर छली गर्न आय श्रोत लुकाउनाले कालो धन श्रृजना हुने जुन विभिन्न माध्यमबाट जायज बनाउन खोज्नु सम्पति शुद्धिकरण गर्नु हो भन्नुहुँदै ती क्रियाकलापहरूको कारणले आज नेपाल ग्रे लिस्टमा परेको जानकारी दिनुभयो । उहाँले सम्पत्ति शुद्धिकरण रोक्न हरेक सहकारी संस्थाले आफ्नो सदस्य पहिचान गर्नुपर्ने आवश्यकता रहेको बताउँदै संस्थालाई सदस्य पहिचान गर्न टेवा पुर्‍याउन सदस्यहरूलाई सदस्य पहिचान फारम (KYM) अद्यावधिक गर्न अनुरोध गर्नुभयो । कार्यक्रममा संस्थाका कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजुले पनि बोल्नुभएको थियो ।



# मौसमी बाली सम्बन्धी अभिमुखिकरण कार्यक्रम

पुस २५, भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३२औं स्थापना दिवसको अवसरमा सदस्य व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजना तथा राष्ट्रिय बाली अनुसन्धान केन्द्र, खुमलटारको प्राविधिक सहयोग र सिद्धि कृषि सहकारी संस्था लि., भक्तपुरको समन्वयमा मौसमी बाली सम्बन्धी अभिमुखिकरण कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्र नारायण लाखाले ३१ जना युवाहरूको अगुवाईमा स्थापित यस संस्था ३२औं वर्षमा प्रवेश गर्न लागेको जानकारी दिनुहुँदै संस्था आर्थिक लाभका लागि मात्र नभई समाज विकासको निम्ति निरन्तर लागि रहेको बताउनुभयो । उहाँले संस्थाको ३२औं स्थापना दिवसको अवसर पारी विभिन्न उपसमितिहरूले सिपमूलक तालिम तथा जानकारीमूलक कार्यक्रहरू आयोजना गर्दै आएको बताउनुभयो ।

अध्यक्ष लाखाले संस्थामा ऋण सुरक्षणको लागि कोष व्यवस्था गर्नुपर्नाले संस्थाको नाफामा असर गरेको उल्लेख गर्नुहुँदै ऋणी सदस्यहरूलाई समयमै ऋणको साँवा र व्याज भुक्तनी गर्न आग्रह गर्नुभयो । उहाँले भक्तपुरमा कृषि मल वितरण गर्ने सिद्धि गणेश साकोस एक प्रारम्भिक संस्था रहेको बताउँदै कार्यक्रममा उपस्थित सदस्यहरूलाई संस्थाको कार्यक्रमहरूमा सहभागी हुदा सहकारीताका साथै विभिन्न जानकारी पाइने उल्लेख गर्नुभयो ।

कार्यक्रमका अतिथि राष्ट्रिय बाली अनुसन्धान केन्द्रका निमित्त प्रमुख राजेन्द्र कुमार भट्टराईले जलवायु र मौसम परिवर्तनको कारणले कृषि क्षेत्र प्रभावित भएको भन्नुहुँदै कृषकहरूलाई मौसमको पुर्व जानकारी दिई कृषि कार्य के गर्ने र नगर्ने सम्बन्धी हरेक हप्ता कृषि मौसम सल्लाह बुलेटिन प्रकाशन भई रहेको जानकारी दिनुभयो । उहाँले कृषि गर्न सजिलो नभएको तर गर्नुपर्ने कृषि नै हो भन्नुहुँदै भविष्यको ठुलो लगानी नै कृषि क्षेत्र रहेको जसमा अम्बानी जस्ता अरबपति व्यापारीहरूले हात हालि सकेको जानकारी दिनुभयो । हाल विश्वमा तेलको लागि युद्ध भएको जानकारी गराउदै आउदो दिनहरूमा पानी र अन्नका लागि युद्ध हुन सक्ने सम्भावनाबारे अवगत गराउनु भयो ।

उहाँले कृषिकहरूको समस्याहरू अनुसन्धान केन्द्रमा रहेको कृषि कल सेन्टरको ११३५ नम्बरमा हरेक शुक्रबार ४ देखि ६ बजे सम्म निःशुल्क जिज्ञासाहरू राख्न सकिने जानकारी दिनुभयो । साथै ११५५ नम्बरमा सम्पर्क गरी मौसम सम्बन्धी जानकारी लिन सकिने बताउनुभयो ।

उहाँले कृषि मौसम सम्बन्धी प्रस्तुतीकरण गर्दै सहभागी कृषकहरूलाई कृषिको लागि उपयुक्त मौसमबारे जानकारी दिनुभयो ।




कार्यक्रमका अतिथि राष्ट्रिय बाली अनुसन्धान केन्द्रका वैज्ञानिक भिमसेन चौलागाईले खेती योग्य जग्गाहरू घडेरीमा परिणत हुँदै आएको प्रति चिन्ता व्यक्त गर्नुहुँदै गहुँखेती प्रविधि सम्बन्धी प्रस्तुतीकरण दिनुभएको थियो । उहाँले बिउँको गुणस्तर परिक्षण गरेर मात्र प्रयोग गर्दा उत्पादनमा बृद्धि हुने भन्नुहुँदै कृषिको लागि बिउँ मात्र नभई खेती गर्ने जग्गा छनोट पनि महत्वपूर्ण हुने बताउनुभयो । उहाँले गोबरमल जस्ता जैविक मलहरूको प्रयोगले माटोको स्वास्थ्य स्थिर हुने उल्लेख गर्नुहुँदै रासायनिक मलको सहि उपयोगका तरिकाहरूबारे जानकारी दिनुभयो ।

कार्यक्रमका अतिथि सिद्धि कृषि सहकारी संस्थाका लि.का अध्यक्ष पुण्यराम दुमरूले विगतमा सिद्धि गणेश साकोसको सदस्य व्यवसाय प्रवर्द्धन उपसमितिमा रहि कृषि कार्यक्रमहरू सञ्चालन गर्नुभएको स्मरण गर्नुहुँदै सदस्यहरूलाई मौसमी बाली सम्बन्धी जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना भएको बताउनुभयो । उहाँले बिउँ उत्पादन पूर्वका तयारी बारे जानकारी दिनुहुँदै कृषि उत्पादन गरेर मात्र नपुग्ने उत्पादन पश्चात बाली उठाउने र त्यसको भण्डारण गर्ने समेत कृषकहरूमा जानकारी हुनुपर्ने आवश्यकता औंल्याउँनुभयो ।

उहाँले नेपालमा कृषिको लागि प्रविधिको कम मात्र उपयोग भई रहेको उल्लेख गर्नुहुँदै कृषकहरूलाई प्रविधिको प्रयोग गर्न बताउनुभयो । साथै सिद्धि कृषि सहकारी संस्थाबाट विभिन्न कृषि प्रविधि र उपकरणहरू वितरण गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमितिका संयोजक सपना कवांले संस्थाका कृषक सदस्यहरूलाई मौसम अनुसारको बाली कसरी गर्न सकिने सम्बन्धी जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले कार्यक्रममा प्राप्त जानकारीबाट कृषकहरूलाई कृषि उत्पादन बढाउन र प्रविधि प्रयोग गर्न जोड दिनुभयो ।



बधाई एवं प्रशंसापत्र वितरण कार्यक्रममा मन्तव्य राख्नुहुँदै नेमकिपाका केन्द्रीय अध्यक्ष नारायण मान बिजुक्छें ज्यू ।



नव वर्ष २०८३ एवं बिस्का:जात्राको शुभकामना आदान प्रदान कार्यक्रममा मन्तव्य राख्नुहुँदै नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवाल ज्यू ।



१३७[औं] अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भएको प्रवचन कार्यक्रममा मन्तव्य राख्नुहुँदै बागमती प्रदेश सांसद सुरेन्द्र राज गोसाई ज्यू ।



संस्थाको अनिवार्य शिक्षा शिविर कार्यक्रममा मन्तव्य राख्नुहुँदै भ.न.पा. ७ का वडाध्यक्ष उकेश कवां ज्यू ।



६९औं राष्ट्रिय सहकारी दिवसको प्रभातफेरी कार्यक्रममा संस्थाको सहभागिता ।



भक्तपुरको ऐतिहासिक बिस्का:जात्रा र नव वर्ष २०८३ सालको शुभकामना र्‍यालीमा संस्थाको सहभागिता ।


बिस्का:जात्रा एवं नव वर्ष २०८३ सालको शुभकामना सिहत नि:शुल्क पिउने पानी वितरण ।



आ-आफ्नो क्षेत्र सरसफाई कार्यक्रममा सिद्धि गणेश साकोस परिवार ।

सम्पादन व्यवस्थापन: शिक्षा उपसमिति, सम्पर्क नं.: ६६१३२०१, ६६२१२०१, ६६२१२०२, ६६२१२०३, ६६२१२०४, ईमेल: sgsaccos@hotmail.com, वेब साइट: www.sgsaccos.com.np